
मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

कृषिका ३५४ परियोजनामा अनुसन्धान भइरहेको छः कृषिमन्त्री अधिकारी



समाचार पृष्ठ ५ मा

वर्ष ३ | अंक १८६ | २०८२ साल जेष्ठ ०६ गते मंगलबार | Tuesday 20, May 2025 | सूर्योदय: बिहान ५:१५ बजे | सूर्यास्त: साँझ ६:४९ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# न नीति सफल, न कार्यान्वयन गतिशीलः कृषि मन्त्रालय 'फेल'

**दिपक कर्ण**
**जनकपुरधाम ।**

मधेश प्रदेश सरकारअन्तर्गतको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा पछिल्लो आर्थिक वर्षमा थुप्रै महत्वकांक्षी कार्यक्रम र योजना प्रस्तावित भए पनि तिनको कार्यान्वयनमा अत्यन्तै कमजोरी देखिएको छ । महालेखापरीक्षकको सातौँ वार्षिक प्रतिवेदनअनुसार मन्त्रालयले २०८०–८१ मा विनियोजन गरेको कुल बजेटमध्ये करिब ३५ प्रतिशत बजेट पनि खर्च गर्नसकेको छैन । पुँजीगत खर्चमा प्रगति न्यून देखिएको छ । प्रतिवेदनअनुसार मन्त्रालयले चालु खर्च शीर्षकअन्तर्गत पारिश्रमिक, सामाजिक सुरक्षा, कार्यालय खर्चजस्ता क्षेत्रमा ८० प्रतिशतभन्दा बढी खर्च गरेको देखिन्छ । पारिश्रमिक, सामाजिक सुरक्षालगायत केही शीर्षकमा भने शतप्रतिशत खर्च भइसकेको छ । तर, पुँजीगत खर्च शीर्षकमा उल्लेख्य प्रगति भएको छैन । सम्पत्ति सञ्चालन शीर्षकमा मात्र ७७ प्रतिशत खर्च भएको छ भने वीमा, प्रयोगशाला निर्माण, आधुनिक प्रविधिको विस्तारजस्ता महत्त्वपूर्ण शीर्षकमा खर्च अत्यन्त न्यून छ । 'एक वडा, एक विशेष कृषि उत्पादन'देखि 'एक टोल, एक सामूहिक कृषि उत्पादन' कार्यक्रम, वीमा सेवा विस्तार, आधुनिक प्रयोगशालाको स्थापना, एकीकृत बजार निर्माण जस्ता थुप्रै योजना नीति र बजेट पुस्तकमा समावेश गरिए पनि कार्यान्वयन शून्य रहेको प्रतिवेदनमा उल्लेख छ । त्यसैगरी, सिँचाइ, बीउ उत्पादन केन्द्र, कृषक परिचयपत्र वितरणजस्ता कार्यक्रम पनि कागजमै सीमित देखिएका छन् ।





मन्त्रालयले थुप्रै ठूला कृषि योजना अघि सारे पनि संरचनागत तयारी, जनशक्ति व्यवस्थापन, भौतिक स्रोतसाधनको अभाव र समन्वय कमजोर हुँदा अधिकांश योजना कार्यान्वयन हुन सकेको छैन । महालेखापरीक्षकको प्रतिवेदनले प्रदेश सरकारको पहिलो प्रदेश योजना (२०७६–७७–२०७९–८०) को उपलब्धि मूल्याङ्कन गर्दा अधिकांश सूचकमा लक्ष्यअनुसारको प्रगति नभएको देखिएको हो । कृषिको समग्र योगदान वृद्धि, खाद्य सुरक्षाको दर, कृषि प्रविधिमा पहुँच, भूमि उपयोग नीति कार्यान्वयन, सहकारी क्षेत्रको सुधार जस्ता सूचकमा सरकारको लक्ष्य उच्च देखिए पनि त्यसअनुसारको उपलब्धि हासिल हुनसकेको छैन । २०७९–८० सम्म कृषिको योगदान ४८ अर्ब रुपैयाँ पुर्याउने लक्ष्य भए पनि प्रत्यक्ष योगदान ४३ अर्ब रुपैयाँमै सीमित रह्यो । खाद्यान्न उत्पादन वृद्धि दर, उन्नत प्रविधिमा कृषक पहुँचजस्ता सूचकको मूल्याङ्कन नै नगरिएको देखिन्छ । मन्त्रालय मातहतका निकायले आवश्यक लेखा अभिलेख अद्यावधिक नगरेको, सम्पत्ति अभिलेख निर्माण नगरेको, एकीकृत वित्तीय विवरण समयमा पेस नगरेको र सार्वजनिक सूचना प्रकाशन नगरेको जस्ता कमजोरी पनि प्रतिवेदनमा औँल्याइएको छ । १ अर्ब २७ करोड ८४ लाख रुपैयाँ बराबरको लेखा परीक्षण गर्दा वित्तीय अनुशासनसम्बन्धी गम्भीर त्रुटि फेला परेको र लेखामा पेस गर्नुपर्ने समयसीमा समेत पालना नगरेको उल्लेख गरिएको छ । प्रतिवेदनमा मन्त्रालयको नीतिगत तथा योजना निर्माण कार्यको तार्किकता र समावेशी संरचनाप्रति सकारात्मक टिप्पणी गरिएको छ । भूमि, सहकारी र कृषि प्रविधिको प्रवद्र्धनका लागि बनाइएका कार्यक्रम, गुठी व्यवस्थापनलगायतका नीतिगत पहल यथार्थपरक रहेको जनाइएको छ । तर, नीति राम्रो भए पनि कार्यान्वयन क्षमताको अभाव, जनशक्ति व्यवस्थापनमा कमजोरी, पर्याप्त समन्वयको अभाव र अनुगमन प्रणाली कमजोर हुँदा अपेक्षित उपलब्धि हासिल हुनसकेको छैन । महालेखा परीक्षकको प्रतिवेदनअनुसार मन्त्रालय र मातहतका २७ कार्यालयमा १ अर्ब २७ करोड ८४ लाख बराबरको लेखापरीक्षण गरिएको छ ।

तर, चालू वर्षको कुल २ अर्ब ६२ करोड ८५ लाख रुपैयाँ बजेटमध्ये केबल ४४.७७ प्रतिशत मात्र खर्च गरिएको तथ्य प्रतिवेदनमा उल्लेख छ । विशेषगरी चालू खर्चतर्फ ४१.९७ प्रतिशत र पूँजीगत खर्चतर्फ ४७.८४ प्रतिशत मात्र खर्च हुनु कार्यक्षमता र योजना कार्यान्वयनको गम्भीर कमजोरीको संकेत हो । प्रदेश सरकारले २०८०–८१ को बजेट वक्तव्यमा 'एक टोल एक सामूहिक कृषि उत्पादन', 'एक वडा एक विशेष उत्पादन' र 'एक पालिका एक उत्पादन क्षेत्र' कार्यक्रमका लागि १० करोड रुपैयाँ, कृषि प्रणालीको आधुनिकीकरण र व्यवसायीकरणमा २५ करोड रुपैयाँ, मल, बीउ, बीमा, संकलन केन्द्र र बिक्री व्यवस्थापनमा २० करोड रुपैयाँलगायतका योजनाको घोषणा गरेको थियो । तर, प्रतिवेदनमा उल्लेख गरिएअनुसार यी कार्यक्रम कार्यान्वयन हुनसकेका छैनन् । यस्ता कार्यक्रम घोषणा गरेर बजेट विनियोजन गरिए पनि तयारी, योजना निर्माण, कार्यादेश र कार्यान्वयन प्रक्रियामा ढिलाइ हुँदा तिनको प्रभाव देखिएको छैन । प्रदेशको प्रथम आवधिक योजना (२०७६–७७–२०८०–८१) को समापनपछि दोस्रो आवधिक योजना लागु भइसकेको छ । पहिलो योजनाले तोकेको लक्ष्यअनुसार २०७९–८० सम्मको कार्य प्रगतिको विश्लेषण गर्दा अधिकांश सूचकमा उल्लेखनीय सुधार देखिएको छैन । कुल गार्हस्थ उत्पादनमा कृषिको योगदान २२१.७१ अर्ब रुपैयाँको लक्ष्य भए पनि २१७.६ अर्ब रुपैयाँमै सीमित देखिएको छ । त्यस्तै, प्रतिव्यक्ति खाद्यान्न उत्पादन, वैज्ञानिक नक्सा, भूमिउपयोग नीति, सहकारीको संख्या जस्ता सूचकमा लक्ष्यभन्दा निकै कमजोर प्रगति भएको देखिएको छ । मन्त्रालयले २०७४ सालको प्रदेश आर्थिक कार्यविधि ऐनअनुसार तयार गर्नुपर्ने एकीकृत वित्तीय विवरण, सम्पत्ति विवरण र वित्तीय प्रतिवेदन समयमा तयार गर्न सकेको छैन । विशेष गरी २०८०–८१ को एकीकृत वित्तीय विवरण पेस गरिएको छैन भने ७ दिनभित्र सार्वजनिक गर्नुपर्ने वित्तीय प्रतिवेदन समयमै सार्वजनिक भएका छैनन् ।

त्यस्तै, मन्त्रालय तथा मातहतका सम्पत्ति विवरण अद्यावधिक गरी जानकारीसमेत गराइएको छैन । सार्वजनिक सम्पत्तिको व्यवस्थापनसम्बन्धी विवरणअनुसार मन्त्रालयसँग ३६ करोड ९३ लाख बराबरको सम्पत्ति (जग्गा, भवन, सवारी, फर्निचर, उपकरण आदि) रहेको छ । तर, यी सम्पत्तिको मूल्याङ्कन, अभिलेख व्यवस्थापन र निगरानीमा कमजोरी देखिएको छ । सम्पत्ति विवरण अद्यावधिक गर्ने कानूनी प्रावधान भए पनि मन्त्रालयले त्यसको पूर्ण पालना नगरेको पाइएको छ । प्रदेशमा दर्ता भएका ८ सय १९ सहकारी संस्थाको नियमनका लागि सहकारी ऐन, २०७९ लागु भए पनि ऐनको व्यवस्थाअनुसार ब्याजदर नियमन, लेखापरीक्षण, सञ्चालन अनुमति, अनुगमन जस्ता कार्य प्रभावकारी रुपमा लागू नभएको देखिन्छ । विशेष गरी बचतमा दिइने ब्याजदर र ऋणमा लिइने ब्याजबीच ६ प्रतिशतभन्दा बढी अन्तर नहुने कानूनी प्रावधान कार्यान्वयन नभएको पाइएको छ ।

## शिक्षा र स्वास्थ्यमा जोड दिन सुझाव



**मधेशदृष्टि**
**जनकपुरधाम ।**

जनमत पार्टीको संसदीय दलको बैठकले सरकारलाई आउने नीति तथा कार्यक्रममा समेटनुपर्ने विषयवस्तुहरुसहितको सुझाव दिएको छ । जनमत पार्टी संसदीय दलको कार्यालयमा बसेको बैठकले सरकारले ल्याउन लागेको नीति कार्यक्रममा पार्टीका तर्फबाट विभिन्न किसिमका सुझाव दिएको छ । पार्टीले नीति तथा कार्यक्रममा विशेष गरेर शिक्षा, स्वास्थ्य र रोजगारीमा केन्द्रित हुनुपर्नेमा जोड दिएको संसदीय दलका नेता महेश प्रसाद यादवले जानकारी दिए । उनले मधेश प्रदेशमा सरकारको नेतृत्व आफ्नो पार्टीले गरिरहेको बताउँदै पार्टीको नीति र विचारसँग मेल खाने गरि नीति तथा कार्यक्रम ल्याउन सरकारलाई सुझाव दिएको छ ।

मधेश प्रदेश स्वास्थ्य र शिक्षामा निकै पछाडि परेका कारण सरकारले यसलाई केन्द्रमा राख्नुपर्नेमा उनले जोड दिए । यादवले सरकारले नीति तथा कार्यक्रम विभिन्न प्रदेश सभाका सदस्यले समेत आआफ्नो क्षेत्रका विषयवस्तुलाई समेत राखेको जानकारी दिए ।

## पति विदेशमा तनावमा प्रेमीको हत्या !



**राजिव साह**
**सर्लाही ।**

प्रेमसम्बन्धका कारण भएको हत्या प्रकरणमा संलग्न प्रेमिकासहित ६ जनालाई सर्लाही प्रहरीले सार्वजनिक गरेको छ । जिल्ला प्रहरी कार्यालय सर्लाहीले सोमबार पत्रकार सम्मेलन गरी हत्यामा संलग्न अभियुक्तहरु सार्वजनिक गरेको हो । नजिमा खातुन (प्रेमिका), मोस्ताकिम अन्सारी खातुनका (श्रीमान) मोहम्मद मेमिन, सुयव अन्सारी, कोनुर आलम अन्सारी, सलाउद्दिन अन्सारी सार्वजनिक भएका छन् ।

वैशाख ३० गते ईश्वरपुर नगरपालिका–८ स्थित उखुबारीमा २५ वर्षीय अरबिन्द कुमार पण्डितको शव फेला परेको थियो । चन्द्रनगर गाउँपालिका–१, किसनपुरका पण्डित वैशाख २४ गतेदेखि बेपत्ता थिए । बेपत्ता भएपछि पण्डितका परिवारले ईश्वरपुर–६ चिरान टोलकी नजिमा खातुनलाई भगाएको भन्दै प्रहरीमा निवेदन दिएका थिए । अनुसन्धानक्रममा पण्डित र खातुनको प्रेमसम्बन्ध रहेको खुलेको छ । नजिमाकी श्रीमान मोस्ताकिम अन्सारी विदेशमा रहेका कारण, स्थानीय छलफलपछि पण्डित र खातुनलाई एउटै घरमा बस्न सहमति दिइएको थियो । तर, सामाजिक दबाब र आरोपका कारण खातुन तनावमा थिइन् ।

प्रहरीका अनुसार, मानसिक तनावकै कारण खातुनले पण्डितको हत्या गर्ने योजना बनाएकी थिइन् । वैशाख २८ गते बिहान फुलजोर बाबा मन्दिर नजिक बोलाएर उनलाई फुलजोर खोलातर्फ लगिएको र त्यहीँ हत्या गरिएको अनुसन्धानमा खुलेको छ । वैशाख २९ गते राति पण्डितको शव उखुबारीमा फेला परेको थियो ।

घटनापछि अनुसन्धान अघि बढाउँदा जेठ २ गते मोहम्मद मेमिनलाई पक्राउ गर्दा उनले मृतकले प्रयोग गर्ने चप्पल लगाएको पाइएपछि अनुसन्धान तीव्र पारिएको हो । मृतकका बाबुले पनि चप्पलको पहिचान गरेपछि घटनामा संलग्न अन्य व्यक्तिलाई समेत पक्राउ गरिएको प्रहरीले जनाएको छ । सबै अभियुक्तलाई कर्तव्य ज्यान मुद्दामा अनुसन्धानका लागि सर्लाही जिल्ला अदालतबाट सात दिनको म्याद थपिइएको जिल्ला प्रहरी कार्यालयले जानकारी दिएको छ । घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## रेडियो वीरगंजले लियो स्रोतासँग पृष्ठपोषण

**मधेशदृष्टि**
**वीरगंज ।**

मध्य तराईको पहिलो रेडियो, रेडियो वीरगंज ९९ मेगाहर्जले स्रोता मिलन कार्यक्रम गरेको छ । रेडियो परिसरमा आयोजिक कार्यक्रममा रेडियोलाई परिमार्जित गर्ने अभिप्रायले स्रोताका सल्लाह सुझाव समेटिएको थियो । स्रोताहरुले रेडियो वीरगंजको आफ्नै विशिष्ट छवि रहेको भन्दै समय सान्दर्भिकरुपमा रुपान्तरण गरे अझ सशक्त हुने धारणा व्यक्त गरेका थिए । कार्यक्रममा रेडियो वीरगंजको स्थापनाकालकी सहकर्मी तथा चर्चित रेडियोकर्मी प्रतिमा चौधरीले रेडियोमा हुँदाको आफ्ना अनुभव सुनाइन् । रेडियोबाटै आफूले पहिचान र प्रतिष्ठा प्राप्त गरेको भन्दै चौधरीले स्रोता र रेडियोकर्मीबीच एक प्रकारको अन्योन्याश्रित सम्बन्ध रहने बताइन् । रेडियो वीरगंज एवम् टिभी वीरगंजका कार्यकारी अध्यक्ष ध्रुव साहले स्रोतासँगको यस्ता भेटघाटले आत्मीयता साटासाटसँगै रेडियो प्रसारण स्तरोन्नतिमा गर्न टेवा पुग्ने विश्वास व्यक्त गरे । कार्यक्रममा रेडियो वीरगंजकका उज्ज्वल शर्मा, मुकेश सिंह, निलिमा पौडेल, एमके गुप्ता, सूर्यनारायण विक, पुराना रेडियोकर्मी एवम् गायक सुनिल पण्डितका साथै स्रोताहरु अमितकुमार गुप्ता, कुर्वान हवारी, जलिल हवारी, पन्नालाल गुप्ता, कौशलकिसोर सर्राफ, सन्दीप गुप्ता,लगायतको उपस्थिति थियो ।

## मुख्यमन्त्रीसँग गहवामाईका पदाधिकारीको भेट

**मधेशदृष्टि**
**वीरगंज ।**

मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहसँग गहवामाई तीर्थ क्षेत्र विकास समिति वीरगंजका पदाधिकारीले भेटवार्ता गरेका छन् । मधेशको सांस्कृतिक विविधता र धार्मिक सहिष्णुता झल्काउने गहवामाई रथ यात्रालाई उत्सवका रुपमा मनाउन आवश्यक व्यवस्था मिलाइदिन समितिले आग्रह गरेको छ ।

वीरगंजमा आयोजना हुने गहवामाई रथ यात्रालाई धार्मिक, सांस्कृतिक र पर्यटकीय महत्वका साथ अघि बढाउने विषयमा मुख्यमन्त्री सिंहसँग गम्भीर छलफल भएको समितिले जनाएको छ । गहवामाईको ऐतिहासिक रथ यात्रा असार १३ गते वीरगंजबाट भव्यरूपमा शुरु हुने कार्यक्रम तय भएको छ । रथयात्राको अवसरमा वीरगंजलाई धार्मिक र सांस्कृतिक केन्द्रका रूपमा चिनाउन तथा नागरिकको व्यापक सहभागिता सुनिश्चित गर्न सार्वजनिक बिदा दिन पनि समितिले मुख्यमन्त्रीसमक्ष अनुरोध गरेको समितिका सल्लाहाकार श्याम पोखरेलले जानकारी दिए । मुख्यमन्त्री सिंहले मधेशको सांस्कृतिक विविधतासँगै धार्मिक परम्पराको संरक्षण र प्रवद्र्धनमा प्रदेश सरकारको सक्रिय सहयोग रहने बताए । गहवामाई रथयात्रा वीरगञ्जको गौरवका रूपमा स्थापित हुँदै आएको धार्मिक परम्परा हो ।

## डाक्टर साथीले बोलाएका चिनियाँ एसएसबीद्वारा पक्राउ

**मधेशदृष्टि**
**सिरहा ।**

भारतीय सुरक्षा बल (एसएसबी) ले नेपाली भूमिमा घुम्न आएका चिनियाँलाई पक्राउ गरेको छ । बरियारपट्टी गाउँपालिका–३, दरैया सीमा इलाकाबाट ४० वर्षीय यु सिचाओ शुक्रबार बिहान ११:३० बजे पक्राउ परेका हुन् ।

सुखिपुर नगरपालिका–३ घर भई ललितपुर धापाखेलको सुमेरु अस्पतालमा कार्यरत डा. सन्दिप दासका चिनियाँ साथी ३८ डिग्रीको गर्मीले उकुसमुकुसमा सिरहा पुग्दा भारतीय सुरक्षाकर्मीको नजरमा परेका हुन् । दास उनी चीनमा अध्ययन गर्ने क्रममा साथी बनेको र तीनमहिने नेपाली भीसामा काठमाडौँ आउँदा गृहजिल्ला घुम्न बोलाएर सिरहा आएको दासले बताएका छन् ।

भारतीय एसएसबीको टोलीले शंकाका आधारमा चिनियाँ नागरिकलाई नियन्त्रणमा लिएर सोधपुछ गरिरहेको बताइएको छ ।

डाक्टर दासका अनुसार चिनियाँ नागरिक युको सबै कागजात वैध छ ।

चिनियाँ पासपोर्ट र ३ महिने नेपाली भिसा छ । सशस्त्र प्रहरी बल नेपालको सीमा सुरक्षा पोष्ट (बिओपी) नरहेको स्थानमा घुम्दै गरेको बखत भारतीय एसएसबीले चिनियाँ नागरिकलाई देखेर शंका बढेको अनुमान छ । सीमा क्षेत्रमा चिनियाँ, पाकिस्तानी र बङ्गलादेशी नागरिकको आशंका हुनासाथ एसएबीले अनुसन्धान गरिरहेको छ ।

# पश्चिमी र स्थानीय वायुको प्रभाव कायमै तीन दिन अझै वर्षाको सम्भावना

**काठमाडौँ ।**
जल तथा मौसम विज्ञान विभागअन्तर्गत मौसम पूर्वानुमान माहाशाखाले पश्चिमी वायु तथा स्थानीय वायुको प्रभाव कायम रहेकाले तीन दिन अझै वर्षाको सम्भवना रहेको जनाएको छ ।

अहिले पनि देशका अधिकांश स्थानमा हल्कादेखि भारी वर्षा हुनुका साथै हुरी र चटङ परिरहेको उल्लेख गर्दै महाशाखाले सतर्कता अपनाउन माहाशाखाले अनुरोध गरेको छ ।

माहाशाखाका मौसमविद् सञ्जिव अधिकारीले सोमवार देशभर आंशिकदेखि साधारणतया बदली रहेको र सबै प्रदेशको एक–दुई स्थानमा मेघगर्जन÷चट्याङसहित हल्का वर्षा भइरहेको जानकारी दिए ।

‘हाल देशमा पश्चिमी वायु तथा स्थानीय वायुको प्रभाव, साथै बङ्गालको खाडी र अरब सागरबाट आएको जलवाष्पयुक्त हावाको समेत आंशिक प्रभाव छ’, उनले भने, ‘जसले गर्दा जुनसुकै समयमा पनि वर्षा भइरहेको छ ।’

उनका अनुसार अहिले प्रि–मनसुनको समयमा खासगरी साँझाको समयमा चट्याङसहितको वर्षा हुनेगर्छ । आज राति पनि देशका विभिन्न भागमा पानी पर्नुका साथै तीन दिनसम्म पानी पर्ने सम्भावना रहेको उनको भनाइ छ ।

देशका केही स्थानमा मेघगर्जन/चट्याङ्ग/हावाहुरीसहित हल्कादेखि मध्यम वर्षाका कारण दैनिक जनजीवन, कृषि, स्वास्थ्य, सडक तथा हवाई यातायातमा प्रभाव पर्न सक्ने हुँदा सोको असरबाट बच्न आवश्यक तयारी गर्न तथा आवश्यक सतर्कता अपनाउन महाशाखाले अनुरोध गरको छ ।रासस

# केही नेपाल ऐन संशोधन गर्ने विधेयक स्वीकृत

**काठमाडौँ ।**
राष्ट्रियसभाको सोमवारको बैठकले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त ‘केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०८० माथि विचार गरियोस्’ भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरेको छ ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले प्रस्तुत गरेको उक्त विधेयकलाई बैठकले सर्वसम्मतिले स्वीकृत गरेको हो ।

यसअघि सैद्धान्तिक छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै कानुनमन्त्री चौरसियाले प्रचलित केही नेपाल ऐन कार्यान्वयन सन्दर्भमा देखिएका कठिनाइ तथा समस्यालाई सम्बोधन गर्न र कतिपय कानुनको प्राविधिक कमजोरीलाई सच्याएर प्रभावकारी बनाउन विधेयक ल्याइएको सदनलाई जानकारी दिए ।

विधेयकमाथिको सैद्धान्तिक छलफलमा भाग लिँदै सांसदहरू गोपीबहादुर सार्की अछामी, जगप्रसाद शर्मा, विष्णुकुमारी सापकोटा, गङ्गाकुमारी बेल्वासे, भुवनबहादुर सुनार, मायाप्रसाद शर्मा, तुलसाकुमारी दाहाल, विष्णुबहादुर विश्वकर्मा र श्रीकृष्णप्रसाद अधिकारीले सुझावसहित आ–आफ्नो धारणा राख्नुभएको थियो ।

राष्ट्रियसभाको अर्को बैठक यही जेठ ७ गते बुधबार अपराह्न १ बजेर १५ मिनेटमा बस्नेछ । रासस

# तोकिएकै समयमा आयोजना सम्पन्न गर्नेतर्फ मन्त्रालय सजग छः मन्त्री दाहाल

**काठमाडौँ ।**
भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले पूर्वाधार आयोजनाहरू तोकिएकै समयमा सम्पन्न गर्नेतर्फ मन्त्रालय सजग रहेको बताएका छन ।

राष्ट्रियसभामा सोमवार भएको मौखिक प्रश्नोत्तरका क्रममा उनले आयोजनाहरू तोकिएको गुणस्तर, समयावधि र लागतमा सम्पन्न गर्न मन्त्रालयले सक्रियता देखाउनुपर्नेमा सजग रहेको बताए ।

मन्त्री दाहालले कतिपय आयोजनाहरू समयसीमा र तोकिएको गुणस्तरमा सम्पन्न भएका र केही आयोजना समयमा सम्पन्न हुन नसकेकामा मन्त्रालयको ध्यानाकर्षण भएको बताए । मन्त्रालयले हाल सम्पूर्ण आयोजनाको कार्ययोजना निर्माण गरी समयतालिका, समस्या तथा जोखिम र जिम्मेवार पदाधिकारी तोकी प्रभावकारी अनुगमन गर्ने र हरेक महिना समीक्षा गर्ने परिपाटी लागू गरिएको पनि उनले जानकारी दिए ।

मन्त्री दाहालले कैलालीको टिकापुर÷दुर्गौलीदेखि साँफेबगर हुँदै बझाङको चैनपुरसम्म कार्यक्षेत्र रहेको सेती लोकमार्गको कुल लम्बाइ २०४ किलोमिटर रहेकामा हालसम्म १२८ किमी मात्र ‘ट्र्याक’ खुलेको र बाँकी ७६ किमी ट्र्याक खुल्न बाँकी रहेको जानकारी दिए ।

उनिसँग सांसदहरू मदनकुमारी साह र भुवनबहादुर सुनारले सो मन्त्रालयसम्बन्धी मौखिक प्रश्नहरू सोधेका थिए ।

बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीका तर्फबाट सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले नेपालको संविधानको धारा ५३ बमोजिम नेपाल सरकारको वार्षिक प्रतिवेदन २०८०÷८१ सभासमक्ष पेस गरे । उनले ‘चलचित्र विधेयक, २०८१’ समेत पेस गरे ।रासस

# अपाङ्गमैत्री रङ्गशाला निर्माण गरिनेछः खेलकुदमन्त्री

**काठमाडौँ ।**
युवा तथा खेदकुदमन्त्री तेजुलाल चौधरीले आगामी दिनमा अपाङ्गमैत्री रङ्गशालाको निर्माण गरिने बताएका छन ।

राष्ट्रियसभाको बैठकमा सांसदको प्रश्नको जवाफ दिँदै मन्त्री चौधरीले दशरथ रङ्गशाला, पोखरा र कर्णाली प्रदेशको सुर्खेत रङ्गशाला अपाङ्गमैत्री निर्माण गरेको जानकारी दिए ।

उनले आगामी दिनमा निर्माण हुने खेलकुदका नयाँ पूर्वाधार र निर्माणाधीन रङ्गशालाहरूलाई अपाङ्गमैत्री बनाइने प्रतिबद्धता व्यक्त गरे ।

पारा खेलका लागि विभिन्न राष्ट्रियस्तरको प्रतियोगिता गराउँदै आएको जनाउँदै मन्त्री चौधरीले पारा खेलाडीहरूको हौसलाका लागि अन्य खेलाडीसरह पुरस्कारको समान व्यवस्थामा गरिने जानकारी दिए ।

विभिन्न अन्तरराष्ट्रिय प्रतियोगितामा उपाधि जितेको खेलाडीहरूलाई पुरस्कार प्रदान गर्ने विषयमा बजेट अभावको कारण तत्काल प्रदान गर्न नसकेको स्वीकार्दै बजेट व्यवस्थापनको लागि हरसम्भव प्रयत्न भइरहेको बताए ।

त्यसअघि जगप्रसाद शर्माले पारा ओलम्पिक खेलमा सरकारले अहिलेसम्म कुनै पनि लगानी नगरेको, देशैभरि एउटा पनि अपाङ्गमैत्री रङ्गशाला बनाउन किन पहल नगरेको भन्ने प्रश्न राखेका थिए । रासस

# आगामी आर्थिक वर्षदेखि ६८ वर्षमाथिका ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ताः मन्त्री सुडी

**काठमाडौँ ।**
महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीले आगामी आर्थिक वर्षदेखि ६८ वर्षमाथिका ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइने बताएका छन ।

प्रतिनिधिसभाको सोमवारको बैठकमा मन्त्रालयसँग सम्बन्धित मौखिम प्रश्नको जवाफ दिँदै मन्त्री सुडीले आव २०८२/८३ देखि यसको क्षेत्र बढाई ६८ वर्षमाथिका ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने व्यवस्था गर्न लागिएको जानकारी दिए । आव २०७९÷८० को बजेट वक्तव्यअनुसार अहिले सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत ७० वर्ष उमेर समूहका ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता प्रदान गरिँदै आएको छ ।

सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ४ मा दलित र एकल महिला ज्येष्ठ नागरिकले ६० वर्ष उमेर पूरा गरेपछि र अन्य ज्येष्ठ नागरिकले ७० वर्ष उमेर पूरा गरेपछि सामाजिक सुरक्षा भत्ताका रुपमा सरकारले तोके बमोजिमको ज्येष्ठ नागरिक भत्ता पाउने व्यवस्था छ ।

बैठकमा सांसद प्रेम सुवालको प्रश्नको जवाफ दिँदै मन्त्री सुडीले गैरसरकारी संस्थामार्फत प्राप्त हुने सहयोगलाई समाज कल्याण परिषदमार्फत एकद्वारबाट परिचालन गर्ने नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयनको आश्यकता औँल्याए ।

उनले नेपाल राष्ट्र बैङ्कलाई पत्र लेखी परिषद्को स्वीकृति प्राप्त गरेका परियोजनाको मात्र रकम परिचालन गर्ने÷गराउने कार्यमा सहजीकरण गर्न अनुरोध भएपश्चात् परिषद्को दायरामा आउने संस्थामा वृद्धि हुँदै गएको जानकारी दिए । तर पूर्ण रुपमा गैरसरकारी संस्था यस प्रक्रियामा आउन नसेको उनको भनाइ थियो ।

मन्त्री सुडीका अनुसार राष्ट्रिय गैरसरकारी संस्थाद्वारा सञ्चालन हुने परियोजना आव २०८०/८१ मा एक हजार ३०४ संस्थाको दुई हजार ८४ परियोजना सञ्चालनमा थिए ।

यस्तै चालु आवको चैत मसान्तसम्म एक हजार ३२४ संस्थाको एक हजार ८३३ परियोजना स्वीकृत भएका छन् । गत आवमा ४४ अन्तरराष्ट्रिय गैरसरकारी संस्थाको र चालु आवको वैशाखसम्म २० अन्तरराष्ट्रिय गैरसरकारी संस्थाको परियोजना सम्झौता भएको छ ।

मन्त्री सुडीले सप्तरीको शम्भूनाथ नगरपालिका–३ कचन्दाहाका मागैन सदा, चन्दरसदालगायत दलित परिवारको नागरिकता नहुँदा ७२ वर्षको उमेरमा पनि ज्येष्ठ नागरिक भत्तालगायत राज्यबाट प्राप्त हुने अन्य सुविधा उपलब्ध नभएकाबारे सदनलाई जानकारी दिए ।

‘यी व्यक्तिले भत्ता प्राप्त गर्न नसक्नुको कारण नागरिकता प्रमाणपत्र नहुनु हो । नागरिकता प्रमाणपत्र नहुने व्यक्तिले सामाजिक सुरक्षा परिचय प्राप्त गर्न नसक्ने कानुनी व्यवस्था छ’, उनले भने । त्यसअघि सभामुख देवराज घिमिरेले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट प्राप्त कार्यभार थपसम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउनुभएको थियो । रासस


## मधेश प्रदेश सरकार
## स्वास्थ्य तथा जनसंख्या मंत्रालय
## स्वास्थ्य निर्देशनालय
# स्वास्थ्य कार्यालय सप्तरी
## राजविराज

☎०३१-५३१६०६
इ-मेलः dpho.saptari@yahoo.com

# प्रस्ताव पेश गर्ने सम्वन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०२/०६ (२० मे सन २०२५)**

यस कार्यालयको आ.ब. २०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार सप्तरी जिल्ला अन्तर्गत स्थानिय तहहरुमा रहेका स्वास्थ्य संस्थाहरु एकिकृत स्वास्थ्य व्यवस्थापन सुचना प्रणालीलाई डिजिटलाईजेशन कार्य संचालन गर्न प्रति स्वास्थ्य संस्थाहरुको (eHMIS) सफ्टवेयर खरिद गरी जडान गर्न सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ “क” तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७२ अनुसार छुट्टा छुट्टै खामवन्दि गरी लिखित प्राविधिक र आर्थिक प्रस्ताव पेश गर्नका लागि सूचना प्रकाशित भएको मितिले १५ औं (पन्ध्र) दिन कार्यालय समय भित्र प्रस्तावको खाका TOR र Specification यस कार्यालयबाट प्राप्त गरी तपशिलमा उल्लेखित कागजातहरुका साथ कार्यालयमा पेश गर्नु हुनका लागि सम्वन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । प्राविधिक प्रस्तावको मुल्याङ्कन पछि उर्तिण भएको प्रस्तावदाताहरुको मात्र आर्थिक प्रस्ताव खोलिने छ । अन्य बिषयहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

**तपशिलः**
१) संस्थागत प्रोफाइल ।
२) संस्थाको VAT/PAN दर्ता प्रमाणपत्र ।
३) आ.ब.२०८०/०८१ को कर चुक्त प्रमाणपत्र वा कर चुक्ताको म्याद थपको प्रमाणपत्र ।
४) सम्पन्न कार्यहरुको विस्तृत सूचि ।
५) अध्यावधिक गरिएको व्यक्तिगत विवरण, अनुभव, विशेषज्ञताको क्षेत्र, योग्यता, तालिम सहितको मानव संसाधनको सूची ।
६) सम्वन्धित क्षेत्रमा गरेको कामहरुको विगत ५ बर्षको कार्यसम्पन्न/अनुभवको प्रमाणपत्रहरु पेश गर्नु पर्ने छ र सो भन्दा बढी अवधिको कार्य सम्पन्न अनुभव भएकालाई प्राथमिकता दिईनेछ ।
७) सम्वन्धित कार्यालयमा दर्ता भई नियमित रुपमा नविकरण भएको ।
८) स्वास्थ्य क्षेत्रमा (eHMIS) सफ्टवेयर विकास स्थापना र संचालन सम्वन्धि अनुभव भएको ।
९) स्वास्थ्य सेवा विभागको व्यवस्थापन माहाशाखाबाट (API) अनिवार्य स्वीकृत प्राप्त गरको हुनु पर्ने ।
१०) स्वास्थ्य सेवा विभाग बाट मान्यता प्राप्त भएको फर्महरुलाई विशेष ग्रायहता दिईने छ ।
११) तोकिएको ढाँचामा रित पुर्वकको प्रस्ताव सुचना प्रकाशित भएको मितिले १६ औ दिन, दिनको ठिक १२:०० बजे भित्र कार्यालय समयमा स्वास्थ्य कार्यालय सप्तरीमा दर्ता गराई सक्नु पर्ने छ र सोही दिन दिनको २.०० प्राविधिक प्रस्ताव खोलिने छ ।
१२) प्रस्तावको खाका TOR र Specification यस कार्यालयमा कार्यालय समयमा सम्पर्क राखि लिन सकिने छ ।
१३) प्राविधि र आर्थिक प्रस्ताव छुट्टा छुट्टै व्यहोरा खुल्नेगरी खामवन्दि गरी पेश गर्नु पर्ने छ ।
१४) प्राविधिक प्रस्तावमा छनौट भएका प्रस्तावदाताहरुले आर्थिक प्रस्ताव खोल्नु भन्दा पहिला उपलव्ध गराउने सफ्टवेयरको डेमोष्ट्रशन प्रस्तुतिकरण गर्नु पर्ने ।
१५) सफ्टवेयर जडान भएको १ बर्ष सम्म निःशुल्क नविकरण गर्नु पर्ने ।
१६) TOR बमोजिम सम्वन्धित कागजात, युजर मेन्युवल र अन्य विवरण अनिवार्य पेश गर्नु पर्नेछ ।
१७) प्रस्तावमा उल्लेख भएको कागजातमा कुनै त्रुटि भेटिएमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम अन्तिम टुङ्गो लगाइनेछ ।
१८) खरिद गरिने परामर्श सेवामा तोकिएको स्वास्थ्य संस्थाहरु बाहेक कार्यालाई आवश्यक भएको थप स्वास्थ्य संस्थाहरुको समेत User ID/ Password र सुचकहरु थप घट गर्नका लागि प्रतिवद्दता पत्र पेश गर्नु पर्ने छ ।

**थप जानकारीको लागिः**
स्वास्थ्य कार्यालय सप्तरीमा सम्पर्क गर्नु हुन


# देश बन्दैन भन्ने भाष्यलाई गलत सावित गर्नेगरी काम गर्नुको विकल्प छैनः महामन्त्री थापा

**काठमाडौँ ।**
नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले देश बन्दैन भन्ने भाष्यलाई गलत सावित गर्न र युवा पुस्तामा टुटेको विश्वास पुनर्जागृत गराउन काम गर्नुको विकल्प नरहेको बताएका छन ।

सोमवार यहाँ बिपी कोइरालाको जीवनकथामा आधारित रहेर लेखक शुभाष घिमिरेले लेखेका उपन्यास ‘सान्दाजु’ लोकार्पण समारोहमा उनले विश्वास जगाउने गरी कांग्रेसले नै काम गर्नुको विकल्प नरहेको बताए ।

महामन्त्री थापाले भने ‘युवा विदेशिनु नौलो कुरा होइन, आउने जाने क्रम चलिरहन्छ तर देश बन्दैन भन्ने भाष्य निर्माण भएर बाहिरिनु डरलाग्दो हुनसक्छ । त्यसैले अब सानातिना कुरामा अल्झिनुभन्दा पनि यो अफ्ठ्यारोबाट निकास दिन हामीले आफ्नो ठाउँबाट काम गर्नुपर्छ । हामीलाई भाग्ने सुविधा छैन, निकास दिनुको विकल्प अन्य कुनै बहाना हुनसक्दैन ।’

उनले कांग्रेस तीनै तहको सरकारमा रहेर पनि कार्यकर्तामा खुसीभन्दा बढी छटपटाहट र गुनासो रहेको उल्लेख गरे । ‘नेपाली कांग्रेसका लागि महत्वपूर्ण कुरा सत्ता वा शक्ति रहेनछ किनकि देशकै ठूलो पार्टी बन्दा खै त हामी उत्साहित भएको ? त्यसकारण अब राष्ट्रिय शक्ति बन्नुपर्छ । राष्ट्रिय शक्ति भनेको राष्ट्रको समस्या बुझ्ने, थाहा पाउने र त्यसलाई सम्बोधन गर्न सामथ्र्य राख्ने हुनुपर्छ’, महामन्त्री थापाले भने ।

उनले बिपी कोइरालाको विषयमा धेरै पुस्तक आइसकेकाले नयाँ उपन्यास लेखेको आफैँमा चुनौती रहेको भन्दै लेखक घिमिरेको प्रयासलाई धन्यवाद दिए । ‘साहित्य जगत्मा बिपीबारे धेरै लेखिएका छन् तर उहाँको जीवनकथालाई काल्पनिक पात्रसँग जोडेर उपन्यास तयार गर्नु चुनौतीपूर्ण नै थियो । पुस्तकले लोकतान्त्रिकसँगै अन्य विचार राख्नेलाई पनि विविध कुराहरू बारेमा जानकारी दिन्छ’, थापाले भने ।

लेखक घिमिरेले साहित्यकार र मानवतावादी चिन्तकका रूपमा उपन्यासले बिपी कोइरालालाई चिन्ने बताए । ‘मैले साहित्यकार, राजनीतिज्ञलगायत विविध रूपमा परिचित बिपी कोइरालाको जीवनीबाट प्रेरित भएर उपन्यास लेखेको छु । आज यहाँ पाएको सुझाव र प्रशंसाले मलाई हौसला मिलेको छ’, उनले भने ।

उक्त पुस्तक लोकार्पण समारोहको आयोजना ग्लोबल वुमन नेटवर्क र जय नेपाल इन्टरनेशनल फाउण्डेशनले गरेको थियो ।रासस


## Janakpurdham Sub-Metropolitan City
## Office of the Municipal Executive
## Janakpurdham, Dhanusha
## Madhes Province, Nepal

## Invitation for Electronic Bids

**Date of First Publication: 2082-02-06 (20th May, 2025)**

Janakpurdham Sub-Metropolitan City invites electronic bids from registered Suppliers for below Mentioned good. For Further Information and More Details about the bid, Bidders may visit PPMO website www.bolpatra.gov.np/egp.

| Contract No. | Description of Work | Bid Document Fee. | Bid Document Fee. | Bid Document Fee. | Bid Document Fee. |
|---|---|---|---|---|---|
| 25/2081/82/SQ/GOODS | Supplying of Smart Board for Shree Rajarshi Janak Ma.Bi., Janakpurdham-13 as per approved Specification | 18,36,653.00 | 40,000.00 | 2082-02-21 12:00hrs | 1000.00 |

**- Engineer**

# पर्सा र बारा प्रहरीलाई 'नो टोलरेन्स' नीति अपनाउन डिआईजी चतुर्वेदीको निर्देशन

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेश प्रहरी प्रमुख डिआईजी उमा प्रसाद चतुर्वेदीले सीमा क्षेत्रमा बढ्दो अपराध, तस्करी र अनुचित गतिविधिमाथि पूर्ण नियन्त्रण गर्न मातहत प्रहरी युनिटलाई कडा निर्देशन दिएका छन् । डिआईजी चतुर्वेदीले मधेश प्रदेशको कमाण्ड सम्हालेपछि पहिलो पटक जिल्ला प्रहरी कार्यालय पर्साको निरीक्षण गर्दै स्पष्ट रुपमा 'नो टोलरेन्स नीति' लागू गर्ने घोषणा गरेका हुन् ।



सोमवार जिल्ला प्रहरी कार्यालय पर्सा वीरगंजको निरीक्षणपछि उनले प्रहरी प्रमुख एसपी गौतम मिश्रसहित जिल्लाका विभिन्न युनिट प्रमुखहरूसँग छलफल गर्दै विभागीय नीति, अनुशासन र निष्पक्षता कायम राख्दै काम गर्न निर्देशन दिए । उनले प्रहरीको मुदा फाँट, उजुरी शाखा, हिरासत व्यवस्थापन, सीसीटिभी निगरानी कक्ष लगायतका शाखाहरूको अवस्थाबारे अवलोकन गर्दै सुधारको आवश्यकता औँल्याए । डिआईजी चतुर्वेदीले वीरगंज र आसपासका सीमा क्षेत्रलाई अती संवेदनशील मानेर थप सतर्कता अपनाउन निर्देशन दिएका छन् । 'पर्सा मात्र होइन, मधेश प्रदेशको सम्पूर्ण सीमावर्ती जिल्ला तस्करी, मानव ओसारपसार, अवैध कारोबारका संवेदनशील केन्द्र हुन् । त्यसैले कुनै पनि प्रकारको अपराधमा शून्य सहनशीलताको नीति अपनाइन्छ,' उनले भने । हालै पर्सा प्रहरीले एकै दिनमा १९५ फरार प्रतिवादीलाई पक्राउ गर्नु र छोटो अवधिमा करोडौं मूल्य बराबरको अवैध सामान बरामद गर्नु प्रहरीको उल्लेखनीय सफलताको उदाहरण भएको भन्दै डिआईजी चतुर्वेदीले एसपी गौतम मिश्रको नेतृत्वको प्रशंसा गरे । उनले यस्ता सकारात्मक परिणामले अन्य जिल्लाका प्रहरी युनिटहरूलाई पनि प्रेरणा दिने बताए । पर्साको निरीक्षणपश्चात डिआईजी चतुर्वेदीले सोमवार नै जिल्ला प्रहरी कार्यालय बारा पनि निरीक्षण गरेका थिए । एसपी सन्तोष कुमार तामाङले उनलाई स्वागत गर्दै जिल्लाको सुरक्षा अवस्था, चुनौती र प्रगतिबारे जानकारी गराएका थिए । डिआईजीले बाराका प्रहरीलाई पनि तस्करी, लागुऔषध कारोबार, मानव अधिकार उल्लंघन र भ्रष्टाचार जस्ता संवेदनशील विषयमा कठोर नीति लिन निर्देशन दिए ।

निरीक्षणको क्रममा डिआईजी चतुर्वेदीले प्रहरी संगठनभित्र अनुशासन, जवाफदेहिता, पारदर्शिता र सेवाप्रति समर्पण अनिवार्य रहेको बताए । उनले हिरासत व्यवस्थापन, सार्वजनिक उजुरीको निष्पक्ष छानबिन र जनसरोकारका विषयमा प्रहरीको भूमिका अझ प्रभावकारी बनाउनु पर्ने धारणा राखे । सुरक्षा रणनीतिलाई प्रभावकारी बनाउन उनले स्थानीय समुदाय र सञ्चारमाध्यमसँग पनि समन्वय आवश्यक रहेको उल्लेख गरे ।

# ज्यान मार्ने उद्योग, डाँका र हातहतियार मुद्दाका अभियुक्त चार वर्षपछि पक्राउ

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
चार वर्षदेखि फरार रहेका गम्भीर आपराधिक घटनामा संलग्न एक अभियुक्तलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरीले धनुषा जिल्लाको विदेही नगरपालिका–४ झिझा टोल निवासी ३८ वर्षीय मिथलेश पासवानलाई विशेष सुराकीका आधारमा पक्राउ गरेको हो ।

उनी २०७८ साल असार ३ गते महोत्तरी जिल्लामा घटेको ज्यान मार्ने उद्योग र डाँकासम्बन्धी घटनापछि फरार रहेका थिए । जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार पासवानलाई जेठ ३ गते पक्राउ गरिएको हो । उनीमाथि ज्यान मार्ने उद्योग, डाँका र हातहतियार खरखजाना मुद्दामा संगठित रूपमा संलग्न भएको आरोप छ । पक्राउपछि उनलाई महोत्तरी जिल्ला अदालतमा पेश गरिएको छ । प्रहरी नायब उपरीक्षक तथा कार्यालयका सूचना अधिकारी शैलेन्द्र कुमार भट्टले भने,' पासवानको विगत लामो समयदेखि खोजी जारी थियो ।

घटनामा संलग्न अन्य सम्भावित व्यक्तिहरूको पनि पहिचान गरी अनुसन्धान भइरहेको छ ।' प्रहरीले सो घटनामा प्रयोग भएका हतियारबारे अनुसन्धानलाई प्राथमिकतामा राखेको छ । डीएसपी भट्टका अनुसार पासवान डाँका समूहको सदस्य थिए । उनीहरूको समूहले महोत्तरीको ग्रामीण क्षेत्रमा आतंक मच्चाउँदै आएको थियो । घटनाको दिन रातको समयमा स्थानीय एक व्यापारीको घरमा लुटपाटको प्रयासका क्रममा व्यापारीलाई गम्भीर घाइते पारिएको थियो । घटनालगत्तै प्रहरी घटनास्थल पुगे पनि मुख्य योजनाकारको रूपमा आरोपित पासवान फरार भएका थिए । प्रहरीको प्रारम्भिक अनुसन्धानबाट उनी भारतको सीमावर्ती क्षेत्रमा लुकीछिपी बसेको र हाल पुनः नेपाल फर्किएको सूचनाको आधारमा निगरानी गरिएको थियो ।

चार वर्षपछि पक्राउ परेका अभियुक्तमाथि अब आवश्यक अनुसन्धान अघि बढाइने र मुद्दालाई अगाडि बढाउने तयारी भइरहेको प्रहरी स्रोतले जनाएको छ । स्थानीय बासिन्दाहरूले लामो समयदेखि फरार रहेका यस्ता अपराधीहरूको धरपकडलाई स्वागत गर्दै सुरक्षा निकायलाई थप सक्रियता अपनाउन आग्रह गरेका छन् ।

# अन्सारी घटनाको आयोगले अनुसन्धान गर्दै

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाही जिल्लाको पर्सा गाउँपालिका वडा नं. ५ मा तश्लीम अन्सारीमाथि भएको हिंसा र अपमानजनक घटनाको राष्ट्रिय मानव अधिकार आयोगले अनुसन्धान शुरु गरेको छ । घटनाबारे आइतबार बसेको प्रतिनिधि सभाको बैठकमा जनमत पार्टीका सांसद अब्दुल खानले दोषीमाथि कडा कारबाहीको माग गरेका थिए । यता, मुस्लिम समुदायका अगुवाहरुले घटनाप्रति आयोगको ध्यानाकर्षण गराउँदै उजुरी दिएपछि आयोगले अनुसन्धान गर्ने भएको हो । जेठ ३ गते शनिबार तश्लीम अन्सारीले आफ्नी छोरीको विवाहका लागि गरगहना बनाउने क्रममा स्थानीय सुनार राजेन्द्र साहसँग भएको विवादलाई लिएर उनलाई सुगुरको खोरमा थुनेर कुटपिट गरिएको थियो । मुस्लिम नेतृत्व र मानव अधिकारकर्मीहरूले यस घटनालाई 'धार्मिक भावनामा आघात र सुनियोजित घृणा अपराध' बताएका छन् । यस्ता घटनाहरू पछिल्ला वर्षहरूमा बढ्दै गएका छन् । यसले समाजमा साम्प्रदायिक विभाजन ल्याउने खतरा बढेको उनीहरुको भनाई छ । घटनाको स्वतन्त्र र निष्पक्ष अनुसन्धान गरी दोषीहरू विरुद्ध कडा कारबाही गर्न, पीडितलाई न्याय र तश्लीम अन्सारीलाई मानसिक, शारीरिक क्षतिपूर्ति र सरकारी सुरक्षा उपलब्ध गराउन माग गरेका छन् ।


## कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२/२/६ गते)

यस बैंकको तपशिलको ऋणी संस्थाले कलैया, **बारा** शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न वुझाउनु पर्नेमा हालसम्म नतिरी नवुझाई कर्जा सम्वन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्वन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, हर्जना तथा दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ कुनै तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्वन्धीत ऋणी संस्था, धितो जमानतकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ । सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम विक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रिबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा वा कथम कथाचित धितोबाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालोसूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ ।

**ऋणी संस्थाको नाम : मित्रश्री बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड । दर्ता नं: १३/०७७/०७८**
**रजिष्टर्ड ठेगाना : कलैया उ.म.न.पा.-१, बारा । हालको ठेगाना : कलैया उ.म.न.पा.-१, बारा ।**

**संचालक तथा जमानीकर्ताको विवरण**

| | |
|---|---|
| **१) नाम : लालबाबु प्रसाद जैसवार (अध्यक्ष तथा जमानीकर्ता)**<br>वुवा : सिंगासन प्रसाद जैसवार<br>वाजे : भोला राउत<br>ना प्र नं. : १२७५/०९५०<br>ठेगाना : रघुनाथपुर-५, बारा | **५) नाम : जितेन्द्र कुमार यादव (संचालक तथा जमानीकर्ता)**<br>बाबु : हरि राउत यादव<br>बाजे : बिष्णु राउत अहिर<br>ना.प्र.नं : ३३१०५५/४९९४१<br>ठेगाना : कलैया-९, बारा |
| **२) नाम : दिपेन्द्र प्रसाद (उपाध्यक्ष तथा जमानीकर्ता)**<br>वुवा : भदई राउत कुर्मी<br>वाजे : दिलचन राउत<br>ना.प्र.नं : २५८८/२३००/१०३४४<br>ठेगाना : कलैया-१७, बारा | **६) नाम : अकलु हजरा (संचालक तथा जमानीकर्ता)**<br>बाबु : शिव बालक हजरा दुसाद<br>बाजे : महाविर हजरा<br>ना.प्र.नं : १२४१/०९६२<br>ठेगाना : रघुनाथपुर-५, बारा |
| **३) नाम : हितेन्द्र प्रसाद जैस्वार (सचिव तथा जमानीकर्ता)**<br>बाबु : जोगेन्दर राउत कुर्मी<br>बाजे : गोपाल राउत<br>ना.प्र.नं : १५३६/०७९४<br>ठेगाना : रघुनाथपुर-४, बारा | **७) नाम : शंम्भु राउत कुर्मी (संचालक तथा जमानीकर्ता)**<br>बाबु : राजविर राउत कुर्मी<br>बाजे : ज्ञानी राउत<br>ना.प्र.नं : ६/०७१७<br>ठेगाना : रघुनाथपुर-४, बारा |
| **४) नाम : लालसा देवी कुर्मी (कोषाध्यक्ष तथा जमानीकर्ता)**<br>बाबु : देवशरण राउत कुर्मी<br>बाजे : चुनी राउत<br>ना.प्र.नं : १४/१६४४६<br>ठेगाना : रघुनाथपुर-४, बारा | **८) नाम : शेषनाथ कुमार सहनी (व्यवस्थापक तथा जमानीकर्ता)**<br>बाबु : छठु सहनी<br>बाजे : करीमन सहनी<br>ना.प्र.नं : ३३-०१-७४-०१६२६<br>ठेगाना : कलैया-१५, बारा |

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री माधो ठाकुर लोहारको बुहारी श्री प्रभू ठाकुर लोहारको पत्नि बारा जिल्ला मटिअर्वा वडा नं.-५ बस्ने **श्री रामपति लोहारीनको** नाममा मालपोत कार्यालय कलैया, बारामा दर्ता श्रेस्ता कायम रहेको बारा जिल्ला मटिअर्वा वडा नं. ८ को कित्ता नं. २५ को क्षेत्रफल ०-१-५-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
२. श्री पताइ सहनीको नाती श्री लगन सहनीको छोरा बारा जिल्ला दोहरी वडा नं.-६ बस्ने **श्री असर्फी सहनीको** नाममा मालपोत कार्यालय कलैया, बारामा दर्ता श्रेस्ता कायम रहेको बारा जिल्ला दोहरी वडा नं. ६ को कित्ता नं. १०६५ र १०६६ को क्षेत्रफल क्रमश: ०-०-३-० र ०-०-१-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
३. श्री सहनीको नाती श्री नारायण सहनीको छोरा बारा जिल्ला दोहरी वडा नं.-६ बस्ने **श्री छोटेलाल सहनीको** नाममा मालपोत कार्यालय कलैया, बारामा दर्ता श्रेस्ता कायम रहेको बारा जिल्ला दोहरी वडा नं. ७ को कित्ता नं. ४७४, ५४७, ४७३ र ५२५ को क्षेत्रफल क्रमश: ०-२-१९-८, ०-५-०-०, ०-२-१८-८ र ०-२-१८-८ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
४. श्री लगन सहनीको नाती श्री असर्फी सहनीको छोरा बारा जिल्ला दोहरी वडा नं.-६ बस्ने **श्री सुरेन्द्र सहनी मलाहको** नाममा मालपोत कार्यालय कलैया, बारामा दर्ता श्रेस्ता कायम रहेको बारा जिल्ला दोहरी वडा नं.-६ को कित्ता नं. १०६७ को क्षेत्रफल ०-०-५-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
५. श्री सोहराई राउत अहिरको बुहारी श्री हरेन्द्र प्रसाद यादवको पत्नि बारा जिल्ला बघवन वडा नं.-८ बस्ने **श्री विन्दा देवी यादव**, श्री सोहराई राउत अहिरको नाती श्री हरेन्द्र प्रसाद यादवको छोरा बारा जिल्ला कलैया वडा नं.-१९ बस्ने **श्री दिपेश प्रसाद यादव** र श्री सोहराई राउत अहिरको नाती श्री हरेन्द्र प्रसाद यादवको छोरा बारा जिल्ला कलैया वडा नं.-१४ बस्ने **श्री रितेश यादवको** संयुक्त नाममा मालपोत कार्यालय कलैया, बारामा दर्ता श्रेस्ता कायम रहेको बारा जिल्ला बघवन वडा नं.-६ को कित्ता नं. १५६५ को क्षेत्रफल ०-२-३-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
६. श्री विश्वनाथ मालीको बुहारी श्री राजा राम मालीको पत्नि बारा जिल्ला बम्हपुरी वडा नं.-४ बस्ने **श्री सुजित्रा देवी मालीनको** नाममा मालपोत कार्यालय कलैया, बारामा दर्ता श्रेस्ता कायम रहेको बारा जिल्ला भवानीपुर वडा नं.-७ को कित्ता नं. ३०६ र २३२ को क्षेत्रफल क्रमश: ०-०-३-५ र ०-०-७-०, भवानीपुर वडा नं.-५ को कित्ता नं. ११५१ को क्षेत्रफल ०-०-७-४ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
७. श्री देवघर सहनीको बुहारी श्री गोपाल सहनीको पत्नि बारा जिल्ला दोहरी वडा नं.-६ बस्ने **श्री पनवा देवीको** नाममा मालपोत कार्यालय कलैया, बारामा दर्ता श्रेस्ता कायम रहेको बारा जिल्ला दोहरी वडा नं.-६ को कित्ता नं. ९१६ को क्षेत्रफल ०-१-०-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८२, Web : www.ncbl.coop


# ब्रह्मकुमारी ईश्वरीय विश्वविद्यालयको वार्षिकोत्सव सम्पन्न

**मधेशदृष्टि**
**सप्तरी ।**
ब्रह्मकुमारी ईश्वरीय विश्वविद्यालय बोदेबर्साईन उपसेवा केन्द्रको २०औं वार्षिकोत्सव एवम् स्नेह मिलन कार्यक्रम सम्पन्न भएको छ । उपसेवा केन्द्र बोदेबर्साईनको आयोजनामा सोमबार एक समारोहको आयोजनासहित कार्यक्रम भएको हो । कार्यक्रमका प्रमुख अतिथि बोदेबर्साईन नगरपालिकाका नगरप्रमुख आतेश कुमार सिंहले ब्रह्मकुमारी ईश्वरीय विश्वविद्यालयको सामाजिक परिवर्तनको साथसाथै सनातन सेवा, मितव्ययीता, पारदर्शीता योग लगायतका सेवा र योगदान सबैले सिको गर्ने खालको रहेको बताए । उनले सकरात्मक चिन्तनको लागि मानिस आध्यात्मिक, सादगी र सरल हुनु आवश्यक रहेकोमा जोड दिए । कार्यक्रममा पत्रकार दिनानाथ यादव, राससका पत्रकार उमेश कुमार साहले असल ज्ञानले ईश्वरीय साधनामा लाग्न प्रेरित गर्ने धारणा राखे । संस्कार, मूल्य मान्यता स्थापित गरी सामाजिक रुपान्तरण गर्न ब्रह्ककुमारी ईश्वरीय विश्वविद्यालयको विशेष योगदान रहेको सहभागी वक्ताहरूको भनाई थियो । जिल्ला भरी ब्रह्मकुमारी ईश्वरीय विश्वविद्यालयका शाखा, उपशाखा र इकाई गरी विभिन्न ठाउँबाट दैनिक सेवा प्रदान भइरहेको जानकारी दिइयो । जिल्लाका शाखा, उपशाखा र इकाईबाट दैनिक २ हजार बढी साधकहरूले लाभ लिइरहेको उपसेवा केन्द्र बोदेबर्साईनकी संचालिका पुनम कुमारीले बताइन् । कार्यक्रमको औचित्यताबारे बताउँदै ब्रह्मकुमारी ईश्वरीय विश्वविद्यालय सामाजिक कार्यमा समर्पित संस्था भएको बताउँदै संस्थाले दैनिक राजयोग साधना, प्रवधन, सनातन संस्कृति संरक्षण, स्नेह मिलन, सकारात्मक सोचसम्बन्धी कार्यक्रम सञ्चालन गर्दै आएको जानकारी गराइन् । ब्रह्मकुमारी ईश्वरीय विश्वविद्यालय क्षेत्रीय कार्यालय सप्तरीकी सञ्चालिका ब्रह्मकुमारी भगवती दिदिको अध्यक्षता फत्तेपुरकी सञ्चालिका मिरा दिदिको स्वागत, ब्रह्मकुमार सरोज यादवको सञ्चालनमा कार्यक्रम भएको हो ।

# लागुऔषधसहित ५ जना पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
निजगढ नगरपालिका–४ मौरी खोलामा लागुऔषध कारोबार भइरहेको भन्ने विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय निजगढबाट खटिएको टोलीले पाँच जनालाई लागुऔषधसहित पक्राउ गरेको छ ।
सोमबार दिउँसो ४ बजे प्रहरी निरीक्षक जीवन लामिछानेको नेतृत्वमा खटिएको टोलीले शंका लागेका व्यक्तिहरूको शरीर र झोला जाँच गर्दा ठूलो परिणाममा प्रतिबन्धित लागुऔषध बरामद गरेको हो ।
पक्राउ परेकाहरूको साथबाट ट्रामाडोल ५७ पत्ता (५७० ट्याब्लेट) मध्ये ५ पिस सेवन गरिएका र ५६५ पिस बाँकी, एन्टीकोफ लेखिएको ट्याब्लेट ५ पत्ता (५० ट्याब्लेट) मध्ये ७ पिस सेवन गरी ४३ पिस बाँकी तथा डेभोक्सिन–१० लेखिएको ५ पत्ता (५० ट्याब्लेट) मध्ये ४ पिस सेवन गरिएका र ४६ पिस बाँकी रहेको प्रहरीले जनाएको छ । पक्राउ परेकाहरूमा मकवानपुर बकैया गाउँपालिका–६ का २५ वर्षीय विजय योञ्जन, बारा निजगढ नगरपालिका–१० का २८ वर्षीय प्रेम वाइबा, २२ वर्षीय धन बहादुर थिङ, ३० वर्षीय ज्ञान बहादुर घलान र २४ वर्षीय अमृत दुलाल रहेका छन् । उनीहरूलाई नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय निजगढमा ल्याइएको छ र घटनासम्बन्धी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# वातावरणमैत्री ईभी भ्यान सेवा सुचारू

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज पथलैया चल्ने रुट सोमबारदेखि सुबिधा सम्पन्न एसी सहितको वातावरण मैत्री ईभी भ्यान सेवा सुचारू भएको छ । वीरगंजको घन्टाघर नजिकै सोमबार पुरानो नारायणी यातायात कम्पनी प्रालिको वीरगंज पथलैया रुट व्यवस्थापन उपसमितिद्वारा संचालित एसी सहितको २१ वटा ईभी भ्यानको वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान् सिंहले उदघाटन गरेका छन् । वीरगंज महानगरपालिकाबाट गर्नुपर्ने सहयोग जारी रहने प्रतिबद्धता जनाउँदै जनताको सेवामा कुनै किसिमको समस्या आउन नदिन समेत नगर प्रमुख सिंहले प्रतिबद्धता व्यक्त गरे । हिरालाल श्रेष्ठको अध्यक्षतामा सम्पन्न सो वातावरणमैत्री ईभी भ्यान उद्घाटन समारोहमा जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपस्थित गौतम मिश्र, नारायणी संघका विनोद मानन्धर लगायतको उपस्थित रहेको नेपाल यातायात श्रमिक संघका केन्द्रिय सदस्य दिपक पटेलले जानकारी दिए ।
कार्यक्रमको स्वागत निवर्तमान अध्यक्ष बद्री प्रसाद चौलागाईंले गरेका थिए ।

# वीरगंज नाका हुँदै २० हजार टन युरिया मल नेपाल भित्रियो

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज नाका हुँदै पछिल्ला तीन सातामा साल्ट ट्रेडिङ कर्पोरेसनको २० हजार टन युरिया मल नेपाल भित्रिएको छ ।
ग्लोबल टेन्डरमार्फत आयात गरिँदै गरेको यो मल तुर्कमिनिस्तानबाट भारतको कोलकाता बन्दरगाह हुँदै रेलमार्गबाट नेपाल ल्याइएको हो । साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड मधेश प्रादेशिक कार्यालय वीरगंजका सूचना अधिकारी सञ्जय गुप्ताका अनुसार वीरगंजस्थित एकीकृत जाँच चौकी र सिर्सिया सुक्खा बन्दरगाहमार्फत ८ वटा रेल ¥याकमार्फत २० हजार टन मल आइपुगेको हो । कर्पोरेसनले ३० हजार टन मल आयात गर्न लागेको हो ।
सोमध्ये १२ हजार ७ सय ७४ टन युरिया मल वीरगंज प्रादेशिक कार्यालयमा वितरण हुनेछ भने बाँकी भैरहवा र विराटनगरका प्रादेशिक कार्यालयमार्फत वितरण हुनेछ ।

# ठगी तथा संगठित अपराध कसुरका फरार प्रतिवादी पक्राउ

**मधेशदृष्टि**
**सप्तरी ।**
जिल्ला प्रहरी कार्यालय सप्तरीले सोमबार ठगी तथा संगठित अपराध सम्बन्धि कसुरका एक फरार प्रतिवादीलाई पक्राउ गरेको छ ।
जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले ठगी तथा संगठित अपराधका फरार प्रतिवादी सप्तरीको डाक्नेश्वरी नगरपालिका–७ बस्ने ४९ वर्षीय राम कुमार रायलाई पक्राउ गरेको हो । भरत ठाकुरको जाहेरीले बादी नेपाल सरकार रहेको उक्त मुद्दामा गत बैशाख ७ गते सप्तरी जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी भएपछि खोजतलासका क्रममा उनलाई उक्त नगरपालिकाको मझौरा गाउँमा लुकीछिपी बसेको अवस्थामा पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जीतेन्द्र कुमार बस्नेतले जानकारी दिए ।
पक्राउ परेका रायलाई सोमवार नै म्याद थपका लागि अदालतमा उपस्थित गराइएको प्रहरीले जनाएको छ ।

सम्पादकीय

# प्रदेश सरकारको एक अर्ब बढी बेरुजु

*मधेश प्रदेश सरकार सञ्चालनको नेतृत्व पहिलोपटक जनमत पार्टीमा आएको एक वर्ष पुग्दैछ । जनमत पार्टीले सतिश कुमार सिंहलाई मुख्यमन्त्री बनाएपछि यसका साझेदारहरु नेपाली कांग्रेस र नेकपा एमाले छन् । सात वर्ष मधेशको सत्ता सम्हालेको र प्रदेश कार्यान्वयन आरम्भ गरेको जनता समाजवादी पार्टी नेपाल मधेश सरकारको प्रतिपक्षमा छ । नेकपा माओवादी देशैभर प्रतिपक्षमै छ । यस्तो अवस्थामा मधेश सरकारको बेरुजु घटाउनु पर्नेमा उल्टै रकमान्तर गरेको घटना बाहिर आएको छ । मधेश सरकारले अघिल्लो आर्थिक वर्षको अन्त्यमा करोडौँ रकमान्तर गरेर पुराना सरकारले झैँ बजेट बाँडचुँड गरेर कार्यकर्तालाई मौका दिएका छन् । यसरी सुशासनका नारा सबैले दिने गरे पनि सबैको हुलिया भने उस्तै छ । यसमा जनमत नेतृत्वको सरकारले पनि अरु दलहरुको सहारा लिएर रकमान्तर गरेको पाइएको छ ।*

*यो वर्षको बजेट कार्यान्वयन पनि फितलो छ । सात महिना सात दिनसम्म बजेट खर्च गर्न नसकेको मधेश प्रदेश सरकारले २०८१ माघ ७ गते संकल्प प्रस्ताव लगेर ५० लाख रुपैयाँ भन्दा कमका बजेट उपभोक्ता समितिलाई बाँडचुँड गरेको छ । यतिखेरसम्ममा बजेट कार्यान्वयको अवस्था कमजोर नै छ । वैशाख मसान्तसम्म धमाधम योजना सम्झौता र काम शुरु गर्ने, मसानघाट उद्धाटनदेखि प्रतिक्षालय शिलान्यासमा मधेशका प्रदेश सरकारका मन्त्री र सांसदहरु अत्यधिक व्यस्त छन् । असार मसान्तमा सम्पन्न गरिने योजनाहरुको प्रमुख अतिथि र छोटोमोटो कमिसन भन्दा माथि प्रदेशलाई लैजान नसक्ने अवस्था देखिएको छ । प्रदेश सरकार भनेको स्थानीय सरकार भन्दा कमजोर, जहाँ प्रदेश सांसदले मन गरे, त्यही बजेट खन्याउने काममा सीमित देखिन्छ । गाउँपालिकाले बरु बजेट बनाएर वडामा सबैलाई समेटेको पाइन्छ ।*

*फेरि पनि नयाँ बजेट बनाउने बेला हुँदैछ । प्रदेश सरकारले कस्तो बजेट बनाउला ? स्थानीय तहरु प्रदेश सरकारबाट बजेट नपाए पनि चलेका छन् । केन्द्र सरकारले बजेट घटाएर बनाउँदैछ । प्रदेशको पनि बजेट घट्ने अवस्था छ । यस्तोमा पुसमा बजेट रकमान्तर गर्ने र असारमा पनि बाँडचुँडका लागि फेरि रकमान्तर गर्ने अनि बेरुजु बढाउने काममा सबै सरकारको उस्तै प्रतिस्पर्धाले सुशासनको खिल्ली उडिरहेको छ । सबै खानैका लागि सरकारका गएका छन् भन्ने जनताको आरोप कुनै पनि सरकारले खण्डन गर्न सकेका छैनन् ।*

# दाइजो प्रथाविरुद्ध सामूहिक विवाह ?



अमृता अनमोल

दाइजो झट्ट हेर्दा आर्थिक पाटोजस्तो लाग्छ । यसको सामाजिक र मानसिक त्रास अझ बढी छ । दाइजोले छोराछोरी बराबरी भन्ने नारा धुमिल बनाएको छ । दाइजोको डरले अझै पनि कति अभिभावकहरु छोरी जन्माउन चाहँदैनन् । गर्भमै छोरीको भ्रूण हत्या गर्छन् । तराई मधेशका धैरै छोरीहरुले उमेर नपुगी विवाह गर्नुपरेको छ । केटाको पढाइअनुसार दाइजो दिनु परेपछि धैरै अभिभावहरु छोरीलाई सानैमा विवाह गरी दिन्छन् र जिम्मेवारीबाट उम्कन्छन् । यसर्थ, दाइजो प्रथा होइन कुप्रथा हो । दाइजोको कुप्रथा हटाउन सामूहिक विवाह एउटा उपाय बन्न सक्छ ।

अहिले विवाहको मौसम चलेको छ । बजारका पार्टी प्यालेस र होटलहरुमा चहलपहल छ । गाउँका मन्दिर र सार्वजनिक थलोमा विवाह उत्सव छन् । सके पनि नसके पनि दुलही पक्षले त्यो खर्च व्यहोर्नै पर्छ । पहिले आफ्नै घरआँगनमा थौरै आफन्त सहभागी भएर हुने विवाह संस्कार अहिले फेरिइरहेको छ । पहिले दुलहीका घरपरिवारले दुलाह वा उसको घरपरिवारलाई टीका इच्छाअनुसार उपहार दिन्थे । अहिले त्यही उपहार वा दाइजो तोकेर लिन थालिएको छ । यसले तराई मधेशका धैरै छोरीको विवाह रोकिन थालेको छ । समाजमा रहेको यस्तो दाइजो प्रथा कसरी हटाउन सकिएला ? भड्किलो विवाह गर्ने परिपाटी कसरी रोकिएला ?

लुम्बिनीमा भने दाइजोरहित सामूहिक विवाह थालिएको छ । कानुन बने पनि दाइजो प्रथा नरोकिएपछि युवाहरुले सामूहिक विवाहको उपाय रोजेका हुन् । ग्रामीण समाज कल्याण लुम्बिनीले दाइजोरहित सामूहिक विवाहको अगुवाइ गरेको छ । त्यसलाई पछयाउँदै लुम्बिनी प्रदेश सरकार र लुम्बिनी सांस्कृतिक नगरपालिकाले सहकार्य गरेका छन् । नागरिक अगुवा र धर्मगुरुहरुले समर्थन गरेका छन् । विवाहमा दुलही पक्षले दुलाह वा उसको घरपरिवारलाई दिने नगद वा जिन्सी सामान दाइजो हो । सामान्य अर्थमा दाइजो उपहार हो । उपहार भनेको दिए पनि हुने र नदिए पनि हुने वस्तु हो । तर, तराई मधेशमा यो चलन कुप्रथाको रुपमा जरो गाडेर बसेको छ । छोरीको विवाह गर्ने हो भने घरपरिवारले जसरी पनि दाइजो दिनैपर्छ, नत्र विवाह रोकिन्छ । विवाह भइहाले छोरीमाथि हिंसा सुरु हुन्छ । हिंसाले विवाहको सम्बन्ध बिग्रने मात्र होइन ज्यानै जान सक्छ । कानुन बन्ने र उजुरी दिनेलाई कानुनी सजाय हुने व्यवस्थाले पनि दाइजोको समस्या नघटेपछि ग्रामीण समाज कल्याण लुम्बिनीमार्फत युवाहरु सामूहिक विवाहमा जुटेका हुन् ।

बुद्धजन्मस्थल लुम्बिनीमा नयाँ वर्ष २०८२ को पहिलो रात पहिलो सामूहिक विवाह आयोजना गरियो । दाइजोरहित सामूहिक विवाह समारोहमा एउटै मञ्चमा पाँच जोडीको विवाह भयो । त्यो पनि हिन्दू, मुस्लिम र बौद्ध धर्मालम्बीहरुले आफ्नै आस्था र परम्पराअनुसारको विवाह गरे । विवाहमा दाइजोको चलन तराई मधेश समुदायका हिन्दू धर्मावलम्बीमा मात्र होइन, बौद्ध र मुस्लिम समुदायमा पनि छ । यसैले आयोजकले तीनवटै समुदायका जोडी खोजेका हुन् । आयोजकले विवाहको करिब एक महिना अघिदेखि विवाहको तयारी गरिरहेका युवायुवतीको खोजी गरेका थिए । सामूहिक विवाह गर्न झट्ट कोही तयार भएनन् । स्थानीय अगुवाहरुको सहयोगमा बल्लतल्ल पाँच जोडी तयार गरे । विवाह गर्न मञ्जुर भएका जोडीले स्थानीय सरकारबाट आफू विवाहका लागि मञ्जुर रहेको सिफारिस बनाए । विवाह समारोहमा दुलाह र दुलही दुवै पक्षका आफन्त सहभागी भए । धर्मगुरुहरु, स्थानीय अगुवा, नागरिक समाजका प्रतिनिधि, स्थानीय तह र प्रदेश सरकारका जनप्रतिनिधिहरुलाई निम्त्याइयो । दाइजोरहित सामूहिक विवाहबारे सन्देश दिन फैलाउन बालबालिकामार्फत मञ्चबाट एकताको राष्ट्रिय गान घन्काइयो ।

विवाहलाई सर्वमान्य र संस्कृतिअनुरुपको बनाउन तीनवटै संस्कारअनुसार विवाह गरियो । जब हिन्दू धर्मावलम्बीका जोडीको विवाह सुरु भयो, पण्डितले मञ्चबाटै मन्त्र पढे । दुलाहादुलहीले मञ्चमै बनाइएको अग्निसहितको मण्डप घुमे । त्यही अग्नि र दर्शक साक्षी राखेर दुलाहले दुलहीको सिन्दूर रङ्गाए । विवाह सकियो । बौद्ध धर्मावलम्बी जोडीले मञ्चमै दुलाहादुलहीलाई माला पहिराए र भिक्षुको आशीर्वाद लिए । मुस्लिम समुदायको विवाहमा कबुल गरे । एक अर्कालाई माला पहिराए । विवाहपछि कसैले कसैलाई दाइजो र दक्षिणा दिएनन् । बरु आयोजकका तर्फबाट विवाहको प्रमाणपत्र दिइयो । लुम्बिनी प्रदेश सरकारका तर्फबाट सहभागी भौतिक पूर्वाधार विकासमन्त्री भूमिश्वर ढकालले विवाहको प्रमाणपत्र हस्तान्तरण गर्दै नयाँ जीवनका लागि शुभकामना दिनुभयो । विवाहमा सहभागीलाई सामूहिक रुपमै विवाह भोज खुवाइयो । दाइजोविरुद्ध सामूहिक विवाहको आयोजना गरेका युवा निरन्तर यस्ता विवाह गर्ने योजनामा छन् । त्यसका लागि नाम सङ्कलन गरिरहेका छन् । यस्तो अभियान जिल्ला, प्रदेश हुँदै देशव्यापी बनाउन सञ्जाल गठन गर्ने तयारीमा छन् ।

दाइजोलाई नेपालको कानुनले अवैध मानेको छ । दाइजो प्रथालाई नियन्त्रण गर्न र यसका कारण हुने सामाजिक अन्याय, भेदभाव र हिंसा रोक्न विभिन्न कानुनी व्यवस्था गरेको छ । यद्यपि, तराईका समुदायमा विवाहमा केटा पक्षले तोकेरै दाइजो लिने कुप्रथा छ । केटाको पढाइ र जागिरलाई दाइजोको मानकका रुपमा लिन्छन् । विवाहमा केटाको पढाइ र जागिरअनुसार केटी पक्षसँग दाइजो माग्छन् । जति धैरै केटाको पढाइ र जागिर हुन्छ, त्यति धैरै दाइजो दिनुपर्छ । पढाइ खर्च उठाउन भन्दै केटा पक्षले दाइजो तोक्छन् । लुम्बिनी प्रदेशका तराईका जिल्लामा डाक्टर बनेका केटासँग विवाह गर्न केटी पक्षले कम्तीमा ५० लाख रुपैयाँ नगद दिनुपर्छ । इन्जिनियरको ४० लाख रुपैयाँसम्मको माग हुन्छ । त्यसपछि सरकारी जागिरे अधिकृतका लागि रु ३० लाखसम्मको दाइजो तोकिन्छ । दाइजोमा नगद मात्र होइन विलासिताका वस्तु टिभी, लुगा धुने मेसिन, फ्रिज, कम्प्युटर, मोटरसाइकल, कारलगायतका सामानको पनि बोलकबोल चल्छ । सिक्री, औँठीलगायत सुन, चाँदीका गहना दाइजोमा पर्छन् । यसबाहेक दैनिक जीवनमा चाहिने लुगाकपडा, फर्निचर, भाँडाकुँडा त दिनैपर्छ ।

छोरीलाई पढाए पढेको केटा खोज्नुपर्छ । पढेको ज्वाइँलाई धैरै दाइजो दिनुपर्छ । धैरै दाइजो दिने तनाव लिनुभन्दा छोरीलाई नपढाउनु नै जाति मान्ने अभिभावक धैरै छन् । त्यसैले दाइजोको प्रत्यक्ष असर तराइका छोरीको पढाइमा परेको छ । छोरीहरुले इच्छाअनुसार पढ्न पाएका छैनन् । धैरैले पढाइ पूरा नगरी विद्यालय छोड्नु परेको छ । दाइजो झट्ट हेर्दा आर्थिक पाटोजस्तो लाग्छ । यसको सामाजिक र मानसिक त्रास अझै बढी छ । दाइजोले छोराछोरी बराबरी भन्ने नारा धुमिल बनाएको छ । दाइजोको डरले अझै पनि कति अभिभावकहरु छोरी जन्माउन चाहँदैनन् । छोरी जन्मे दुःख मान्छन् । गर्भमै छोरीको भ्रूण हत्या गर्छन् । तराई मधेशका धैरै छोरीहरुले उमेर नपुगी विवाह गर्नु परेको छ । केटाको पढाइअनुसार दाइजो दिनु परेपछि धैरै अभिभावहरु छोरीलाई सानैमा विवाह गरिदिन्छन् र जिम्मेवारीबाट उम्कन्छन् । यसर्थ दाइजो प्रथा होइन कुप्रथा हो । दाइजोको कुप्रथा हटाउन सामूहिक विवाह एउटा उपाय बन्न सक्छ ।

कानुनी रुपमा हेर्दा, नेपालमा दाइजो लिनु वा दिनु अपराध हो । कानुनअनुसार जबर्जस्ती दाइजो लिनु अपराध हो । कसैले दबाब, धम्की वा बलपूर्वक दाइजो लिन खोजेमा वा लिएमा उसलाई अपराधी ठहरिन्छ । नेपालको संविधान २०७२ को भाग ३ को धारा ३८ मा महिला हक उल्लेख छ । त्यसमा महिलालाई दाइजो प्रथाविरुद्ध संरक्षण, समान अधिकार र हिंसाबाट मुक्त गरिने उल्लेख छ । मुलुकी अपराधसंहिता २०७४ ले दाइजो लिनुलाई अपराध मानेको छ । यसमा आफ्नो परम्परादेखि चलिआएको सामान्य उपहार, भेटी, दक्षिणा वा शरीरमा लगाएको एकसरो गहनाबाहेक विवाह गर्ने दुलाहा वा दुलहीका तर्फबाट कुनै किसिमको चल, अचल, दाइजो वा कुनै सम्पत्ति माग गरी वा लेनदेन सर्त राखी विवाह गर्न वा गराउन हुँदैन भनिएको छ । दाइजो लिने, दिने र दाइजोको बार्केनिङ गराउने तिनै पक्षलाई सजायको भागिदार बनाएको छ । दाइजो लिने व्यक्तिलाई तीन वर्षसम्म कैद वा रु ३० हजारसम्म जरिवाना वा दुवै सजाय हुने कानुनी व्यवस्था छ । दाइजोको निहुँमा दुलही वा निजका नातेदारलाई कुनै किसिमले अमानवीय वा अपमानजन्य व्यवहार गरे कसुर गर्ने व्यक्तिलाई पनि सजाय हुन्छ । दाइजोस्वरूप लिइएको सम्पत्ति सरकारले जफत गर्न सक्छ ।

दाइजोलाई कानुनी रुपमा बन्देज गरेर सजायको व्यवस्था गरे पनि नहट्नु हाम्रो मानसिकता परिवर्तन नहुनु हो । छोरीलाई सक्षम नबनाउनु हो । छोरीलाई आत्मनिर्भर नबनाउनु हो । छोरीलाई सक्षम र आत्मनिर्भर बनाउनुभन्दा सक्षम घरपरिवार वा केटा खोज्नु हो । पहिले पहिले पहाडमा भएको दाइजो प्रथा अहिले धैरै हटेको छ । यसको कारण छोरीहरु सक्षम र आत्मनिर्भर बन्दै गएका छन् । जीवनसाथीको छनोट गर्ने र विवाह गर्ने वा नगर्ने निर्णय गर्नसक्ने भइरहेका छन् । आफैँले जीवनसाथी छनोट गर्दा दाइजोको मोलतोल हुँदैन । दाइजो प्रथा हटाउन तराई, मधेशका छोरीलाई पनि शिक्षित, आत्मनिर्भर र विवाहको निर्णय गर्ने अधिकार दिनुपर्छ । यस्तो कुरा भर्खरै सबैमा लागू नहुन सक्छ । त्यसका लागि अभिभावकमा भएको लालच हटाउनुपर्छ । प्रथाका नाममा रहेको नराम्रो सस्कारलाई कुसंस्कारका रुपमा हटाउने प्रयत्न थाल्नुपर्छ । कतै दाइजोको मोलतोल भएको, त्यसले विवाह रोकिने वा हिंसा निम्तने अवस्था आए कानुनी उपचारकालाई बाटो चाल्नुपर्छ । विवाहमा हुने खर्च कटौती र दाइजोको सकस हटाउन सामूहिक विवाह उत्तम विकल्प हुनसक्छ । हिमाल, पहाडदेखि तराई मधेशका समुदायले सामूहिक विवाह अपनाउनु उपयुक्त हुनेछ । रासस

# सिन्धुली अस्पतालः
# ‘बेड नम्बर ३३’




कहिलेकाहीँ मौनता यति चर्को हुन्छ कि शब्दहरु थरथर काँप्छन् । त्यस्तै, मौनतामा चिच्याएको छ, सिन्धुली अस्पतालको ‘बेड नम्बर ३३ ।’ अस्पतालको दोस्रो तल्लामा अवस्थित ३३ नम्बर शय्यामा श्वास मात्रै चलिरहेको शरीर लम्पसार छ । शरीरका अङ्ग अचेत छन् । आँखा खुल्दैनन् । कहिले धड्कन अत्यास लाग्नेगरी बढ्छ । कुनै बेला श्वास पनि रोकिएझैँ हुन्छ ।

त्यो कोमामा पुगेको शरीर हो, तेजबहादुर सिञ्जाली मगरको । कमलामाई नगरपालिका–७ पल्लो रामपुरमा उहाँको स्थायी बसोबास छ । दुई वर्ष दुई महिना बित्नै लाग्यो, उहाँ अस्पतालको शय्याबाट उठ्न सक्नुभएको छैन । बिरामी तेजबहादुरका साथमा श्रीमती विमला रमौली हुनुहुन्छ । तेजबहादुरको स्याहार–सुसार र पालन–पोषण उहाँकै भरमा छ । बिरामी श्रीमान्को पीडामा पिरोलिएकी विमला छेवैमा बसेर नाडी समाउनु हुन्छ । मुहार सुम्सुम्याउनु हुन्छ ।

यतिबेला उहाँको जीवनमा आइलागेको पीडा र भएको अभाव पोखिसाध्य छैन । माइतीमा बुबा बितेपछि आमाको अवस्था दयनीय छ । घरतर्फका बुबा–आमा वृद्ध हुनुहुन्छ । अस्पतालमा विमलालाई सघाउने कोही छैनन् । यस्तो दुःखद परिस्थितिको सामना उहाँ एक्लै गरिराख्नुभएको छ ।

बिरामी श्रीमान्को हालत देख्दा उहाँको मन थामिदैन । आँखाबाट आँसु बगाइरहनु हुन्छ । बेला–बेलामा उहाँलाई चिच्याएर रुन आउँछ । त्यसबेला बिरामी श्रीमान्लाई रोएको थाहा नदिन शौचालयमा गएर रुँदा–रुँदा गरेर बाहिर निस्कनु हुन्छ । ‘२६ महिना भयो, रोएरै दिनरात बितिरहेको छ । म नजिक बसेर रुँदा उहाँको धड्कन बढ्छ । शौचालयमा गएर रुन्छु,’ विमलाले आँखाबाट आँसुका ढिका खसाल्दै भन्नुभयो । २६ महिनाअघि त तेजबहादुर र विमलाको दाम्पत्य जीवन खुसीले भरिएको थियो । चार वर्षको प्रेम सम्बन्ध विवाहमा रुपान्तरण भएको पाँच वर्ष पुगेकै थिएन । सुखी परिवारका लागि सन्तान जन्माउने योजना बनाउँदै थिए । २ चैत २०७९ दशा बनेर आयो यस दम्पतीको जीवनमा । तेजबहादुरले चलाएको ज८प ६४५८ नंको मोटरसाइकललाई तीनपाटन–९ का शेषराज पहाडीले चलाएको वा.प्र०१०२७च ४३७२ नंको बोलेरोले ठक्कर दियो । कमलामाईबाट तीनपाटन–११ तर्फ जाँदै गरेको मोटरसाइकललाई सोही स्थानबाट सिन्धुलीमाढीतर्फ आउँदै गरेको बोलेरोले तीनपाटन–२ गैरीमा ठक्कर दिएपछि गम्भीर घाइते भएका तेजबहादुर त्यसयता कोमामा हुनुहुन्छ ।

‘तीनपाटन–११ लाम्पाङटार मेरो माइती गाउँ हो । घरबाट निस्कने बेला फोनमा म आउँदैछु, तिमी घर आउने तयारी गरेर बस, भन्नुभयो । म पर्खेर बसिरहेँ । गैरीमा उहाँ दुर्घटनामा पर्नु भएछ,’ विमलाले सुनाउनुभयो । उहाँका अनुसार तेजबहादुर दुर्घटनामा परेपछि सिन्धुलीबाट उपचारका लागि हेलिकप्टरमा काठमाडौँको हेम्स अस्पताल लगियो । त्यहाँ १० दिनमा रु १२ लाखभन्दा बढी खर्च भएपछि महाराजगञ्जस्थित शिक्षण अस्पताल सारियो । त्यहाँ पनि उपचार खर्च महँगो भएको र परिवारको आर्थिक अवस्था कमजोर भएकाले सिन्धुली फर्काइयो । १४ महिनादेखि सिन्धुली अस्पतालको ‘बेड नम्बर ३३’ मा भर्ना गरेर राखिएको छ । आर्थिक अभावका कारण उपचारमा मात्रै होइन, बिरामीलाई जाउलो खुवाउनसमेत समस्या हुन थालेको विमलाले दुखेसो सुनाउनुभयो ।

विमलाका अनुसार तेजबहादुरको उपचारमा हालसम्म रु ५० लाख बढी खर्च भइसकेको छ । पीडक पक्षले दिने भनी सहमति गरेको उपचार खर्चसमेत पाउन सकेको छैन । गाडी चालक रहेका गाडी धनी शेषराज पहाडीले जिल्ला प्रशासन कार्यालयमा बिरामीको उपचारका लागि रु २० लाख दिने सहमति गर्नुभएको थियो । सोही सहमतिबमोजिम दिनुपर्ने रकममध्ये रु पाँच लाख मात्र प्राप्त गरेको र बाँकी रकम नपाएको विमलाले बताउनुभयो । उपचारमा लाग्ने खर्च आफूले गर्न सक्ने अवस्था पनि छैन । रु ४५ लाख बढी ऋण भइसकेको छ । ब्याज बढिरहेको छ । तिर्न सक्ने आधार छैन । साहुले ऋण लिएको पैसा फिर्ता दिन दबाब दिन थालेका छन् । “बिरामीलाई एक छिन छोड्न मिल्दैन । यस्तो अवस्थामा रहेका श्रीमान्लाई छोडेर पनि कहाँ जाउँ, के काम गरौँ ?” विमलाले दुखेसो गर्नुभयो ।

पीडकले सहमतिअनुसारको रकम दिन नसकेपछि जिल्ला प्रशासन कार्यालय सिन्धुलीले क्षतिपूर्तिको मुद्दा फैसला गर्न सकेको छैन । गाडी धनी तथा चालकसमेत रहेका पहाडी फरार छन् । यता, जिल्ला अदालत, सिन्धुलीबाट सवारीबाट अङ्गभङ्ग मुद्दा फैसला भइसकेको छ । उक्त मुद्दामा अदालतले २०८१ असार १२ गते कसुर ठहर गरेको थियो भने असार १९ गते सजाय तोकेको छ । न्यायाधीश रमेश शर्मा पौडेलको इजलासले तीन वर्ष जेल सजाय, रु २० हजार जरिवाना र रु ८०० क्षतिपूर्तिको सजाय तोकेको थियो । फैसला कार्यान्वयनमा आएको छैन ।

पीडक शेषराज पहाडी दुई महिना २७ दिन मात्र हिरासतमा बस्नुभएको देखिन्छ । अदालतले तोकेको बाँकी सजाय कटान गर्न बाँकी रहेको जिल्ला अदालतले गरेको फैसलामा उल्लेख छ । अदालतबाट सवारी अङ्गभङ्ग मुद्दा फैसला भई सजाय तोकिए पनि मुद्दा चल्दा धरौटीमा छुटेका शेषराज फेरि पक्राउ परेका छैनन् ।

यता जिल्ला प्रशासन कार्यालय सिन्धुलीमा रहेको क्षतिपूर्तिसम्बन्धी मुद्दा चालु अवस्थामा छ । पीडक र पीडितबीच भएको सहमति कार्यान्वयन नभएपछि जिल्ला प्रशासन कार्यालय सिन्धुलीले उक्त मुद्दा फैसला गरेको छैन । सहमतिअनुसार तीन किस्तामा पीडित पक्षलाई उपचार खर्च दिने उल्लेख भएको छ । चार महिनाभित्र अर्थात् २०८१ साउनसम्म तीन किस्तामा रकम भुक्तानी गर्नुपर्ने भए पनि हालसम्म उक्त रकम पाउन नसकेको विमलाले गुनासो गर्नुभयो ।

गत वैशाखमा उपचार खर्च दिलाइदिन, दोषीलाई कारबाही गर्न र पीडितलाई न्यायको माग गर्दै विमला बिरामी श्रीमान्सहित जिल्ला प्रशासन कार्यालय सिन्धुलीमा धर्ना बस्नुभएको थियो । प्रमुख जिल्ला अधिकारी लिलाप्रसाद शर्माले पीडित पक्षलाई शान्त गराउँदै पीडकको खोजी भइरहेको बताउनुभयो । चाँडै न्याय दिलाउनेछौँ भन्ने सम्बन्धित निकायको आश्वासनको प्रतीक्षामा विमला बस्नुभएको छ । रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ ।

# प्रधानन्यायाधीशद्वारा दुई आयोगका अध्यक्षलाई शपथ

**काठमाडौँ ।**
प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका अध्यक्ष लीलादेवी गड्तौला र सत्यनिरूपण तथा मेलमिलाप आयोगका अध्यक्ष महेश थापालाई पद तथा गोपनीयताको शथप ग्रहण गराएका छन ।

सर्वोच्च अदालतमा सोमवार आयोजना गरिएको कार्यक्रममा प्रधानन्यायाधीश राउतले दुवै आयोगका अध्यक्षहरूलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराएका हुन ।

प्रधानन्यायाधीशले आयोगका दुई अध्यक्षलाई शपथ ग्रहण गराएपछि अध्यक्षहरूले आ–आफ्ना आयोगका सदस्यलाई पद तथा गोपनीयताका शपथ ग्रहरण गराए ।

सत्यनिरूपण तथा मेलमिलाप आयोगको अध्यक्षमा थापा तथा सदस्यमा अचुतप्रसाद भण्डारी, डा टीकाप्रसाद ढकाल, पदमबहादुर शाही र कुमारी कौशल्य ओझा रहेका छन ।

त्यस्तै, बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको अध्यक्षमा गड्तौला तथा सदस्यमा गोपालनाथ योगी, अग्निप्रसाद थपलिया, सिर्जना पोखरेल र विनिता नेपाली सदस्य रहेका छन ।

मन्त्रिपरिषद्को बैठकले यही जेठ १ गते दुवै आयोगका लागि अध्यक्ष तथा सदस्यहरू नियुक्ति गरेको थियो । बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम गठित सिफारिस समितिको सिफारिसबमोजिम दुवै आयोगका अध्यक्ष र सदस्य नियुक्त भएको थियो ।रासस

# कालीगण्डकीमा बेपत्ता किशोरको शव भेटियो

**म्याग्दी ।**
म्याग्दीको रघुगङ्गा गाउँपालिका–३ घुमाउने तालस्थित कालीगण्डकी नदीमा पौडी खेल्ने क्रममा बेपत्ता भएका किशोरको शव सशस्त्र प्रहरीको गोताखोर टोलीले तीन दिनपछि सोमवार फेला पारेको छ ।

घुमाउनेतालका १५ वर्षीय निरज मल्ल पौडी खेल्ने क्रममा शनिबार कालीगण्डकी नदीमा डुबेर बेपत्ता भएका थिए ।

गोताखोर टोलीले करिब १५ फिट गहिराइबाट मल्लको शव निकालेको सशस्त्र प्रहरी बल आश्रित गुल्म गलेश्वरका प्रहरी नायब उपरीक्षक नवराज नेपालले जानकारी दिए ।

बेपत्ता किशोर खोज्नका लागि सशस्त्र प्रहरी बल नेपाल नं २४ कालिका गण कास्कीबाट आएको प्रहरी निरीक्षकको नेतत्वमा चार जना गोताखोर र पाँच जना विपद् व्यवस्थापन तालिम प्राप्तसहित १९ जनाको टोली परिचालन भएका थिए । रासस

# उपप्रधानमन्त्री सिंहसँग संयुक्त राष्ट्रसङ्घका प्रतिनिधिमण्डलको भेट

**काठमाडौँ ।**
उपप्रधान एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहसँग संयुक्त राष्ट्रसङ्घीय वातावरणीय कार्यक्रमका प्रतिनिधिमण्डलले शिष्टाचार भेट गरेको छ । सोमवार सहरी विकास मन्त्रालयमा भेटमा नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय आवासीय संयोजक हाना सिंगर ह्याम्डी, संयुक्त राष्ट्रसङ्घीय वातावरणीय कार्यक्रमको एसिया प्रशान्त क्षेत्रीय निर्देशक डेचेन छिरिङ, जलवायु परिवर्तन कार्यक्रम संयोजक अबान मार्कर सहभागी थिए ।

उपप्रधानमन्त्री सिंहले जलवायु परिवर्तनले नेपालमा पारेको असर, सहरी क्षेत्रले भोगिरहेको चुनौतीहरुका बारेमा चर्चा गर्दै जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि संयुक्त राष्ट्रसङ्घसँग सहकार्य गर्न चाहेको बताएको मन्त्रालयले जनाएको छ ।

सो क्रममा संयुक्त राष्ट्रसङ्घीय भेटका क्रममा सहरी वातावरण अनुकूलन कार्यक्रम र राष्ट्रिय रुपरेखाको विषयमा छलफल भएको थियो । भेटमा संयुक्त राष्ट्र सङ्घका प्रतिनिधिले आगामी दिनमा जलवायु परिवर्तनले सहरी क्षेत्रमा पार्ने असर कम गर्नका लागि हुने कार्यक्रममा संयुक्त राष्ट्रसङ्घका तर्फबाट सहरी विकास मन्त्रालयसँग आवश्यक सहकार्यमा सकारात्मक रहेको बताएका थिए ।रासस

# प्रतिनिधिसभाबाट जलस्रोत विधेयक २०८१ बहुमतले पारित



**काठमाडौँ ।**
प्रतिनिधिसभाको सोमवारको बैठकले जलस्रोत विधेयक, २०८१ लाई बहुमतले पारित गरेको छ । यसअघि ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले उक्त विधेयक पारित गरियोस भनी सभामा प्रस्ताव प्रस्तुत गरेका थिए ।

बैठकमा पूर्वाधार विकास समितिको प्रतिवेदनसहित प्रस्ताव प्रस्तुत जलस्रोत विधेयकमाथि उठेका प्रश्नको जवाफ दिँदै ऊर्जामन्त्री खड्काले यस विधेयकले जलको प्रयोग, सदुपयोग र संरक्षण एवं समुचित बाडँफाँटको विषयमा केन्द्रित भएर काम गर्ने र यसको सम्पूर्ण जिम्मेवारी जल तथा ऊर्जा आयोगलाई दिइने व्यवस्था गरेको बताए ।

उनले सम्पूर्ण नदीको क्षमता कति र संरक्षण कसरी गर्न सकिन्छ भन्ने व्यवस्था विधेयकमा समावेश भएको उल्लेख गर्दै यसले तीनै तहका सरकारको अधिकारलाई सुनिश्चित गर्ने दाबी समेत गरे ।

मन्त्री खडकाले भने, 'विधेयकले जलको लाभ र हानिको विषय समेटेको छ', उनले भने, 'आयोगले विधेयक पारित भएपश्चात् विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) तयार गर्नेछ, यसले जलको न्यायोचित बाँडफाँटमा सहयोग पुग्नेछ ।'यसअघि उक्त विधेयकमाथिको छलफलमा सांसदहरु दिलेन्द्रप्रसाद बडू, माधव सापकोटा, डा अमरेशकुमार सिंह, किरणकुमार साह, सुनिता बराल, लक्ष्मी तिवारी, प्रेम सुवाल, हितराज पाण्डे, ठाकुरप्रसाद गैरे र लेखनाथ दाहालले धारणा राखेका थिए ।

प्रतिनिधिसभाको अर्को बैठक यही जेठ ६ गते बिहान ११ बजे बस्नेछ ।रासस

# कृषिका ३५४ परियोजनामा अनुसन्धान भइरहेको छः कृषिमन्त्री अधिकारी

**काठमाडौँ ।**
कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) अन्तर्गत यसवर्ष ३५४ वटा परियोजनामा अनुसन्धानका काम भइरहेको बताएका छन ।

प्रतिनिधिसभाको सोमवारको बैठकमा सांसद प्रेम सुवालले सोध्नुभएको लिखित प्रश्नको जवाफ दिँदै उनले बालीनालीतर्फ १०६, पशुपालनतर्फ ७७, बागवानीतर्फ ७०, बहु–क्षेत्रतर्फ ४१ र मत्स्यपालनतर्फ ३५ वटा परियोजनामा अनुसन्धान भइरहेको जानकारी गराएका हुन ।

यी अनुसन्धान परियोजनाबाट वैज्ञानिकले बालीनालीको जात तथा पशुवस्तुको नश्ल विकास, कृषि प्रविधि विकास, स्रोतसामग्री उत्पादन, स्रोत संरक्षण, प्रविधि हस्तान्तरण तथा सेवा प्रदान र सामाजिक–आर्थिक विश्लेषण तथा कृषि नीतिसम्बन्धी सुझाव प्रदान गर्नेजस्ता काम गर्दछन् । चालु आर्थिक वर्षको अनुसन्धान बजेटको क्षेत्रगत प्राथमिकता बालीनाली ३०, पशुपालन २२, बहुक्षेत्र १७, बागवानी १५, मत्स्यपालन आठ र अन्यतर्फ सात प्रतिशत छ ।

चालु आवमा सञ्चालित अनुसन्धान परियोजनाअन्तर्गत हालसम्ममा धानको एक, स्याउको तीन, जुनारको चार, ओखरको दुई, कागतीको एक, मेकाडेमीयानटको एक, सुन्तलाको दुई, आभोकाडोको तीन गरी जम्मा १७ जातको पञ्जीकरण प्रस्ताव पेस गरिएकोमा राष्ट्रिय बीउबिजन समितिले स्याउको तीन, सुन्तला जातको दुई र आभोकाडोको तीन गरी जम्मा आठ वटा नयाँ जातको पञ्जीकरण गरिसकेको छ ।

चालु आवको अन्त्यसम्ममा थप आठ जातको पञ्जीकरणका लागि प्रस्ताव पेस गर्ने लक्ष्य रहेको पनि मन्त्री अधिकारीले बताए ।



त्यसैगरी, चालु आवको अन्त्यसम्ममा अन्नबालीसम्बन्धी २२, बागवानीसम्बन्धी २३, पशुपालनसम्बन्धी १५, मत्स्यपालनसम्बन्धी १०, खाद्यसम्बन्धी दुई, कृषि यन्त्रीकरणसम्बन्धी तीन गरी जम्मा ७५ वटा कृषि प्रविधि सिफारिस गर्ने लक्ष्य रहेको मन्त्रालयले जनाएको छ ।

चालु आवको अन्त्यसम्ममा विभिन्न बालीनालीको ९०० टन स्रोत बीउ (प्रजनन र मूल) उत्पादन गर्ने लक्ष्य रहेकोमा चैत मसान्तसम्ममा ३८० टन उत्पादन भइसकेको पनि उनले संसदमा जानकारी गराए ।

नार्कलाई अनुसन्धानका लागि करिब ९७ प्रतिशत नेपाल सरकारबाट र बाँकी तीन प्रतिशत दातृनिकाय तथा अन्तरराष्ट्रिय सङ्घसंस्थाबाट वार्षिक रुपमा प्राप्त हुने गरेको छ ।

नार्कअन्तर्गतका बागवानी सम्बन्धित अनुसन्धान केन्द्रले बिरुवा उत्पादन गरी सिधै किसानलाई उपलब्ध गराउने गरेको नभई सिफारिस गरिएका उन्नत जातका तरकारी तथा फलफूलका स्रोत बीउ तथा बेर्ना उत्पादन गरी नर्सरी तथा स्रोत केन्द्रहरुलाई उपलब्ध गराउने गरिएको मन्त्री अधिकारीले जानकारी दिए । ती नर्सरी तथा स्रोत केन्द्रले बीज वृद्धि गरी किसानलाई उपलब्ध गराउँछन् ।

चालु आवको अन्त्यसम्ममा तरकारी तथा फलफूलका पाँच लाख स्रोत बेर्ना÷बिरुवा नर्सरी तथा स्रोत केन्द्रलाई उपलब्ध गराउने लक्ष्य रहेकोमा चैत मसान्तसम्ममा १५ हजार ६९२ बेर्ना÷बिरुवा बिक्री÷वितरण गरिसकिएको पनि मन्त्री अधिकारीले बताए ।

फलफूलको आयातका सम्बन्धमा मन्त्रालयले वार्षिक र भन्सार विभागबाट नियमित रुपमा तथ्याङ्क राख्ने गरेको उनले संसदमा जानकारी गराए । कृषि अनुसन्धान परिषद्मा रहेका केही वैज्ञानिक अध्ययनका लागि बाहिर गएका छन् । करिब १०÷१२ जना लामो समयदेखि नफर्किएको पनि मन्त्री अधिकारीले संसदमा जानकारी गराए ।

बैठकमा सांसद सुवालले फलफूल के, के र कति र कति उत्पादन भएको एवं कृषि वैज्ञानिकको सङ्ख्या कति छ ? भनी प्रश्न गरेका थिए ।रासस्

# परराष्ट्रमन्त्रीसँग युरोपियन युनियन आबद्ध राजदूतहरूको शिष्टाचार भेट

**काठमाडौँ ।**
परराष्ट्रमन्त्री डा आरजु राणा देउवासँग नेपालका लागि युरोपियन युनियन आबद्ध देशका काठमाडौंस्थित राजदूत एवं नयाँ दिल्लीस्थित गैरआवासीय राजदूत तथा मिसन प्रमुखहरूले शिष्टाचार भेट गरेका छन ।

सोमवार मन्त्रालयमा भएको सो भेटका क्रममा नेपाल र युरोपियन युनियन एवं युनियनका सदस्य राष्ट्रहरूको सम्बन्धका विविध विषयहरूका साथै आपसी हित र साझा चासोका विषयमा कुराकानी भएको थियो ।

त्यस अवसरमा मन्त्री डा राणाले नेपालको आर्थिक, सामाजिक क्षेत्रमा युरोपियन युनियन र यसमा आबद्ध राष्ट्रहरूले पु¥याउँदै आएको सहयोगप्रति धन्यवाद ज्ञापन गर्नुभएको थियो । साथै उनले नेपाल सरकारले हिजोमात्र सम्पन्न गरेको सगरमाथा संवादमा युरोपियन युनियनका सदस्य राष्ट्रहरूका तर्फबाट भएको सहभागिताका लागि पनि धन्यवाद ज्ञापन गरेका थिए ।

मन्त्री डा राणाले पछिल्लो समयमा नेपाल जलवायु परिवर्तनको असरबाट अकल्पनीय रूपमा पीडित भइरहेको र नेपालले अन्तर्राष्ट्रिय रूपमा जलवायु न्याय माग गरिरहेकाले नेपालको यस अभियानमा साथ र सहयोगका लागि युरोपियन युनियनका सदस्य राष्ट्रहरूलाई आग्रह गरेका थिए ।

मन्त्री डा राणाले सो शिष्टाचार भेटका क्रममा युरोपियन युनियनका सदस्य राष्ट्रहरूसँग नेपालमा पर्यटन, कृषि, पूर्वाधार निर्माण, सूचना प्रविधिलगायत क्षेत्रमा लगानीका लागि आफ्ना देशका निजी क्षेत्रलाई प्रोत्साहित गर्नका लागि पनि आग्रह गरेका थिए ।

नेपाल सन् २०२६ पछि अतिकम विकसित राष्ट्रबाट स्तरोन्नति हुन लागेकामा नेपाललाई त्यसपछिको आवश्यक सहयोगका लागि पनि मन्त्री डा राणाले युरोपियन युनियन आवद्ध राजदूतहरूमार्फत् युरोपियन युनियनका सबै सदस्य राष्ट्रहरूलाई आग्रह गर्नुभएको थियो ।

सो शिष्टाचार भेटमा काठमाडौँ र नयाँ दिल्लीस्थित युरोपियन युनियन र आबद्ध सदस्य राष्ट्रका २० जना मिसन प्रमुख एवं राजदूत सहभागी थिए ।रासस

# सरकारी सञ्चारमाध्यमले नेताको प्रचार नगरी विकासको चर्चा गर्नुः सञ्चारमन्त्री गुरुङ

**काठमाडौँ ।**
सञ्चार तथा सूचनाप्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले सरकारी सञ्चारमाध्यमहरुले कुनै नेताहरुको प्रचार नगरी मुलुकमा भएका विकासको चर्चा गर्न आग्रह गरेका छन ।

सार्वजनिक सेवा प्रसारण नेपाल (पिएसबी) संस्थाले सोमवार नेपाल टेलिभिजनमा 'सार्वजनिक सेवा प्रसारण नेपाल रुपान्तरण बहसः विविधता, विशिष्टता, पहुँच, प्रभाव र प्रवद्र्धन' विषयमा आयोजना गरेको छलफल कार्यक्रममा सञ्चारमन्त्री गुरुङले सार्वजनिक सेवा प्रसारणले नेपाली जनताको आवाज र जनताको प्रतिनिधित्व गर्ने हुँदा अबको कार्यदिशालाई समयसापेक्ष रुपान्तरण गर्न सुझाव दिए । पिएसबीले उठान गर्ने मुद्दाहरुमा राष्ट्रिय एकताको भाव जगाउने, जनताको दुःख मर्कालाई उजागर गर्ने, समृद्धि र सुशासनमा जोड पु¥याउने खालका विषयवस्तु हुनुपर्ने मन्त्री गुरुङले बताए ।

रेडियो नेपाल र नेपाल टेलिभिजन उमेरले पाको भएर मात्रै चित्त बुझाउने बेला नभएको उल्लेख गर्दै उनले अब युग अनुकूलको कार्य सम्पादन गरेर प्रतिस्पर्धामा उत्रिन सुझाव दिए । मन्त्री गुरुङले भने, 'रेडियो नेपाल र नेपाल टेलिभिजन उमेरले पाको भएर मात्रै पुगेन, अब समय अनुकूलको कार्य क्षमता प्रदर्शन गरेर अघि बढ्नुपर्छ ।' सरकारले गरेका गलत कार्यलाई सुधार गर्ने मार्गचित्रका रुपमा पिएसबी देखा पर्नुपर्ने उनको तर्क थियो । यद्यपि समाजमा राष्ट्रिय एकता र सद्भाव जगाउन समावेशी मुलुक बनाउनुपर्ने मन्त्री गुरुङले बताए । संसारमा नेपालको पहिचान स्थापित गराउन 'एनटिभी वल्र्ड' सुरु गर्न पनि उनले सुझाव दिए सञ्चार सचिव राधिका अर्यालले पिएसबीको सही मोडल अनुसारका कार्य गर्न सुझाव दिए । जनताले पाउनुपर्ने सही सूचनाको अधिकारलाई संरक्षण गर्नुपर्ने उनको धारणा थियो । पिएसबीलाई आत्मनिर्भर बनाउन आवश्यक रचनात्मक क्रियाकलाप अपनाउनुपर्नेमा सचिव अर्यालले जोड दिए । साथै, विनियमावली बनाउन र जनशक्तिको उचित व्यवस्थापन गर्न मन्त्रालयले सक्रिय भूमिका खेल्दै आएको बताए ।

पिएसबीका कार्यकारी अध्यक्ष डा महेन्द्र विष्टले जनता पहिलो भन्ने भावका साथ पिएसबीका हरेक कार्यक्रम सिर्जना गरिने बताउँदै यसका लागि विज्ञहरुसँग छलफल गरिएको बताए । नेपाल टेलिभिजन र रेडियो नेपाल अब जनताको आवाज मुखरित गर्न कटिबद्ध हुने उनको भनाइ थियो ।रासस

# आगामी आम निर्वाचनमा एमालेको एकल बहुमत आउने गरी लाग्नुसः प्रधानमन्त्री

**काठमाडौँ ।**
प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले आगामी २०८४ सालमा हुने निर्वाचनमा एमालेको एकल बहुमत आउनेगरी लाग्न उत्पीडित तथा जातीय समुदायलाई आग्रह गरेका छन ।

नेपाल उत्पीडित जातीय मुक्ति समाजको सातौँ राष्ट्रिय महाधिवेशनको सोमवार उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले विकास र सुशासनको मार्गमा मुलुकलाई तीव्रताका साथ अघि बढाउन एमाले निर्णायक राष्ट्रिय शक्ति बन्नु अत्यावश्यक भएको बताए ।

'समानुपातिकसहितको विद्यमान परिपाटीबाट साधारणतया ः कुनै एक दलको बहुमत आउन गाह्रो छ तर हामीले संविधानमा समानुपातिकको व्यवस्था गरिसकेकाले अहिलेलाई यही प्रणालीभित्रबाट एमालेलाई एकल बहुमतको पार्टीका रूपमा विकसित गर्न हामी लाग्नुपर्छ', अध्यक्ष ओलीले भने, 'हामी व्यक्तिगत र पार्टीगत स्वार्थ नहेरी देशको सुशासन, स्थिरता, विकास, समृद्धि, राष्ट्रिय स्वाधिनता र अखण्डताका लागि काम गरिहेका छौँ । अराजकतावादीहरूले यस प्रयासमा भाँजो हाल्न सक्छन् । अराजकतावाद सदैव हाम्रो दुश्मन हो । विपक्षीहरूले जनतामा हाम्राविरुद्ध भ्रम फिजाउन खोजेका छन् । त्यस्तो भ्रम चिर्न हामी सुदृढ र एकताबद्ध भएर लाग्नुपर्नेछ ।'

प्रधानमन्त्री ओलीले कम्युनिष्ट आन्दोलन, पार्टी र देशलाई सफल बनाउन राष्ट्रिय स्वार्थलाई केन्द्रमा राखेर अघि बढ्न पनि आग्रह गर्नुभयो । महाधिवेशनले समाजको नयाँ नेतृत्व चयन गर्नेछ ।रासस


# नेप्से परिसूचक १९.३० अङ्कले बढ्यो सात अर्बभन्दा बढीको कारोबार

**काठमाडौँ ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सोमवार १९ दशमलव ३० अङ्क अर्थात् ०.७४ प्रतिशतले बढेर दुई हजार ६२८ दशमलव ३६ विन्दुमा कायम भएको छ ।
आजको कारोबारमा विभिन्न ३२४ कम्पनीका एक करोड ६२ लाख पाँच हजार ५५८ कित्ता शेयर सात अर्ब ३५ करोड ८८ लाख ५५ हजार ८५ दशमलव १८ रुपैयामा किनबेच भएका छन् ।
आज सप्तकोशी डेभलपमेन्ट बैंकको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । साथै सिन्धु विकास बैंक र ओम मञ्जुश्री फार्मास्युटिकल लिमिटेडको शेयर मूल्य ९.९९ प्रतिशतले उकालो लागेको छ ।
साथै विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । त्यसैगरी छ्याङदी हाइड्रोपावरको शेयर मूल्य चार दशमलव ४०, क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेडको चार दशमलव ३९ प्रतिशतले घटेको छ ।रासस

# वर्षामा समस्यारहित बनाउने प्रयासमा नारायणगढ–मुग्लिन सडकखण्ड

**चितवन ।**
नारायणगढ–मुग्लिन सडकखण्डमा वर्षायाममा हुनसक्ने पहिरोको समस्या पहिचान गरी समाधानका काम सुरु गरिएको छ । गत वर्षको असारमा सिमलतालमा दुई वटा बस पहिरोले बगाएपछि त्यस खालको समस्या नआओस् भन्नका लागि सावधानी अपनाइएको छ । डिभिजन सडक कार्यालय भरतपुरका प्रमुख इञ्जिनिएर नारायण लामिछानेका अनुसार संवेदनशील ठाउँहरुमा पहिरो नियन्त्रणका काम भएका छन् । गत वर्ष घटना भएको सिमलतालको माथिल्लो भागमा लेदो बगेर नआओस् भन्नका लागि ससाना 'चेक ड्याम' निर्माण गरिएको उनले बताए । यस्तै मौरी खोला पुलको माथिल्लो भागमा पनि चेक ड्याम र खोल्सो बनाउने (लाइनिङ) को काम भएको छ ।
कालीखोलालगायतका जोखिमयुक्त ठाउँहरुमा पनि आवश्यकताअनुसार पहिरो रोकथामका काम भएको उनले बताए । उनले भने, 'यो वर्ष पहिरोले दुःख नदेला भन्ने अपेक्षा गरौँ ।' पहिरो आइहालेमा तत्काल पन्छाउने गरी व्यवस्थापन गरिएको उनि बताउछन ।
कार्यालयले सडकखण्डको सेतीदोभान क्याम्पमा ब्याकुलोडर, ट्रक, स्काभेटर, लोडर, मिनी टिपरसहितका उपकरण राखिएको उनले जानकारी दिए । यसैगरी भरतपुरको कार्यालयमा पनि यस्ता उपकरण तयारी अवस्थामा राखिएको छ ।
प्रमुख जिल्ला अधिकारी प्रकाश पौडेलले पहिरो नियन्त्रण र पहिरो खसिहालेमा तत्काल पन्छाउनका लागि आवश्यक तयारी गरिएको बताए । उनका अनुसार डिभिजन सडक र सुरक्षा निकायका अधिकारीहरुको बीचमा यसअघि छलफल गरी तयारीको काम सुरु गरिएको छ । गत वर्षको असार २८ गते दुई वटा रात्रि बस बगाउँदा ६२ जना हाराहारीलाई बगाएको थियो । तीमध्ये कतिपय अझै बेपत्ता छन् । ती दुई बस समेत फेला परेका छैनन् ।
गत वर्षको असार २८ गते राति दुई वटा बस एकै ठाउँबाट पहिरोसँगै त्रिशूलीमा खसेका बसका यात्रुमध्ये ३९ जना अझै बेपत्ता भएका छन् । नारायणगढ–मुग्लिन सडकखण्डको सिमलतालमा दुई बसमा ६२ जना यात्रु थिए । तीमध्ये तीन जना जीवित, २० जनाको शव भेटिएको थियो भने बाँकी अझै बेपत्ता छन् ।
दुवै बस अहिलेसम्म भेटिएको छैन । जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक गोविन्द पुरीका अनुसार बा प्र ०३–००६ ख १५१६ नम्बरको एञ्जल्स डिलक्स बसमा २६ जना यात्रु थिए । तीमध्ये १० जना मृत फेला परेको र अन्य १६ जना अझै बेपत्ता छन् । तीमध्ये सात जना भारतीय यात्रु रहेकोमा दुई जना मृत फेला परेका थिए भने चार जना अझै बेपत्ता छन् ।
त्यस्तै बा प्र ०३–००१ ख २४९५ नम्बरको गणपति डिलक्समा ३६ जना यात्रु रहेका थिए । तीमध्ये तीन जना जीवित, १० जनाको शव फेला परेको र २३ जना अझै बेपत्ता रहेको उहाँले जानकारी दिनुभयो । तीमध्ये भारतीय चार जना थिए । तीन जना मृत फेला परेका थिए भने एक जना बेपत्ता छन् ।
लेदोसहितको पहिरोले वीरगञ्जबाट काठमाडौँ जाँदै गरेको एन्जल डिलक्स र काठमाडौँबाट रौतहटको गौरका लागि छुटेको बागमती गणपति डिलक्स बसलाई त्रिशूलीमा खसालेको थियो ।
उक्त समयमा नेपाली गोताखोरले मात्र नसकेपछि विदेशबाट समेत गोताखोर मगाइएको थियो । तर गोताखोरले पनि बेपत्ता यात्रु र बस बस फेला पार्न सकेका थिएनन् । त्रिशूलीमा बाढी आएपछि लामो समय खोजी कार्य गरिएको भए पनि बेपत्ता यात्रु र बस फेला नपरेका हुन् । कतिपय शव त्रिशूली र नारायणीका विभिन्न क्षेत्रबाट फेला परेका थिए । दुई वटा शव भारतमा फेला परेका थिए ।रासस

# अमेरिकी पुर्व राष्ट्रपति वाइडनेलाई प्रोस्टेट क्यान्सर ट्रम्पले गरे स्वास्थ्य लाभको कामना



**काठमाडौं ।**
पूर्व अमेरिकन राष्ट्रपति जो बाइडेनलाई प्रोस्टेट क्यान्सर भएको छ । सो क्यान्सर यतिखेर उनको हड्डीमा फैलिएको छ ।
वाइडेनको कार्यालयले एक विज्ञप्ति जारी गरी गत हप्ता पिसाब परिक्षण गर्न डाक्टरलाई देखाए पछि उनमा प्रोटेस्ट क्यान्सर भएको शुक्रबार फाइनल गरिएको थियो ।
क्यान्सर रोगको अधिक आक्रामक रूप हो । जसलाई १० मध्ये ९ को ग्लेसन स्कोर मानिएको छ । यसको मतलब उनको रोग उच्च–ग्रेडको रुपमा वर्गीकृत गरिएको छ र क्यान्सर कोशिकाहरू छिट्टै फैलिन सक्छन ।
बाइडेन र उनको परिवारले उपचार विकल्पहरूको समीक्षा गरिरहेको बताइएको छ । उनको कार्यालयले क्यान्सर हर्मोन संवेदनशील थियो, यसको मतलब यो सम्भवतः व्यवस्थित हुन सक्छ ।
आइतवारको विज्ञप्तिमा बिडेनको कार्यालयले भनेको थियो, गत हप्ता, राष्ट्रपति जो बाइडेनलाई बढ्दो पिशाव परिक्षण गरेपछि प्रोस्टेट नोड्युलको नयाँ खोज देखिएको हो । शुक्रबार उनलाई प्रोस्टेट क्यान्सर भएको निक्र्यौल गरिएको थियो ।
राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो सोशल मिडिया प्लेटफर्म ट्रुथ सोशलमा लेखे कि उनी र प्रथम महिला मेलानिया ट्रम्प जो बाइडेनको भर्खरको चिकित्सा निक्र्यौलको बारेमा सुनेर दुखी छन् । 'हामी जिल र परिवारलाई हाम्रो हार्दिक र शुभकामना दिन्छौं,' उनले पूर्व प्रथम महिला जिल बिडेनलाई उल्लेख गर्दै भने, 'हामी वाइडेन छिटो र सफल स्वास्थ्य भएको कामना गर्दछौं ।'
उता, पूर्व उप राष्ट्रपति कमला ह्यारिस, जसले बिडेनको अधीनमा रहेर सेवा गरेका थिए, उनले एक्समा लेखिन् कि उनी र उनका पति डग एम्होफले बाइडेन परिवारका लागि प्रार्थना गरिरहेका छन । एजेन्सी

# फुटबलर सावित्राको सम्मानमा 'साम्बा चोक' नामकरण

**लमजुङ, ।**
नेपाली महिला फुटबल टोलीकी चर्चित फुटबल खेलाडी सावित्रा भण्डारीको सम्मानमा मस्र्याङ्दी गाउँपालिका–९ खुदीपुल वारिको क्षेत्रलाई 'साम्बा चोक' नामाकरण गरिएको छ । सोमवार एक कार्यक्रमबीच मस्र्याङ्दी–९ पामचोकका फुटबलर सावित्राको सम्मानमा साम्बा चोक नामाकरण गरिएको हो ।
गाउँपालिका अध्यक्ष अर्जुन गुरुङले साम्बाको तस्बिर राख्दै आजदेखि यस क्षेत्रलाई साम्बा चोक नामाकरण गरिएको घोषणा गरे ।
आफ्नै ठाउँको चेली सावित्रा फुटबल खेलको क्षेत्रबाट पालिका, जिल्ला मात्र नभई नेपाललाई विश्वसामु चिनाउन सफल भएकाले पालिकावासी हर्षित रहेको उनको भनाइ छ । यस्ता कार्यले सावित्रालाई प्रेरणा मिल्ने र फुटबल क्षेत्रमा



स्थापित उहाँलाई सम्मान गर्न साम्बा चोक नामाकरण गरिएको उनले बताए ।
यसैगरी, प्रमुख जिल्ला अधिकारी माधवप्रसाद पोखरेलले सावित्राजस्तो व्यक्तिका नाममा चोकको नामाकरण हुँदा उनको योगदानको कदर भएको र जिल्लावासीका लागि पनि गौरवको कुरा भएको बताए । उनले साम्बाको जीवन अगाडि बढाउन सशस्त्रले पनि केही भूमिका खेलको बताए ।
यस्तै साम्बाको बुबा थमनबहादुर भण्डारीले आफ्नो छोरीको नाममा चोकको नामाकरण हुँदा धेरै खुसी लागेको बताए । फुटबल क्षेत्रमा योगदान गर्दै नेपाललाई नै चिनाउने काम गरिरहेको र यस्ता सम्मान कार्यले छोरीलाई अझै अगाडि बढाउन हौसला मिल्ने उनको भनाइ छ ।
अन्नपूर्ण पदमार्ग अन्नपूर्ण मनाङ जाने सडकमा अवस्थित मस्र्याङ्दीको चर्चित खुदीबजार पुलको चोकलाई साम्बा चोक नामाकरण गर्दा उनको जन्मस्थानको पहिचान र प्रचारमा थप टेवा पुग्ने सोही वडाका वडाध्यक्ष हरिश्चन्द्र थापाले बताए ।
सावित्रा नेपाली फुटबल क्षेत्रमा साम्बा उपनामले परिचित छन । सशस्त्र प्रहरी बल क्लबबाट व्यावसायिक फुटबल खेल्न सुरु गर्नुभएकी साम्बा हाल नेपाली महिला फुटबल टोलीको सर्वाधिक गोलकर्ता हुन । सावित्रा अन्तरराष्ट्रिय प्रतियोगितामा सर्वाधिक गोल गर्ने नेपाली खेलाडी पनि हुन । उनि लमजुङको तत्कालीन सिम्पानी गाविस–७ हाल मस्र्याङ्दी गाउँपालिका–९ पामचोक गाउँमा हुर्किएका हुन ।रासस

# नेपाल पहिलो पटक विश्वकप महिला टी–२० को ग्लोबल छनोटमा

**काठमाडौँ ।**
नेपालले पहिलो पटक आइसिसी महिला टी–२० विश्वकपको ग्लोबल छनोटमा स्थान बनाएको छ । संयुक्त अरब इमिरेट्स (युएई)लाई पाँच विकेटले पराजित गर्दै सो स्थान बनाएको हो ।
सुपर–३ को शीर्ष दुईमा स्थान बनाउँदै नेपालले उक्त सफलता प्राप्त गरेको हो । अब नेपालले यसै वर्ष महिला टी–२० विश्वकपको ग्लोबल छनोट प्रतियोगिता खेल्ने छ । ग्लोबल छनोटमा नेपालसहित १० टोली सहभागी हुनेछन् । उक्त प्रतियोगितामा शीर्ष चार स्थान बनाउने टोलीले सन् २०२६ मा इङ्ग्ल्यान्डमा हुने आइसिसी महिला टी–२० विश्वकप क्रिकेट प्रतियोगिता खेल्ने छन् ।
थाइल्यान्डको टेर्डथाइ क्रिकेट मैदानमा सोमवार टस हारेर पहिला ब्याटिङ गरेको युएईले निर्धारित २० ओभरमा सात विकेट गुमाएर ११४ रन बनायो । एक सय १५ रनको विजयी लक्ष्य नेपालले १९ दशमलव ३ ओभरमा पाँच विकेट गुमाउँदै पूरा ग¥यो । नेपालका लागि कप्तान इन्दु बर्माले अविजित ३० रन बनाइन् । यसैगरी रुविना क्षेत्रीले २३, सम्झना खड्काले २१, पुजा महतोले १३, राजमती ऐरीले आठ तथा रुवि पोदारले अविजित ६ रन बनाइन् । बलिङतर्फ युएईका लागि मिसेल बोथ, सुरक्षा कोटे, वैष्णभी महेश र कप्तान इशा ओजाले एक एक विकेट लिए । यसअघि युएईका लागि ११४ रन बनाउने क्रममा कप्तान इशा ओजाले सर्वाधिक ३९ रनको योगदान दिइन् । त्यस्तै तीर्थ सतिशले २१, हिना होटचन्दनीले २० र लाभन्या केनीले १२ रन बनाए ।
बलिङतर्फ नेपालका लागि मनिषा उपाध्यायले चार, कविता कुँवरले दुई तथा राजमती ऐरीले एक विकेट लिए । यसअघि सुपर–३ को पहिलो खेलमा थाइल्यान्डले युएईलाई ५४ रनले हराउँदै ग्लोलब छनोटमा स्थान पक्का गरिसकेको छ । अब नेपालले सुपर–३ को अन्तिम खेल मङ्गलबार थाइल्यान्डसँग खेल्नेछ ।

# हिमालयन चितुवा' लाई 'के वन क्रस १७५'को उपाधि

**काठमाडौँ ।**
नेपाली युवा बक्सर अविरल घिमिरेले किक बक्सिङ खेलको इतिहासमा नयाँ कीर्तिमान कायम गर्न सफल भएका छन् । 'हिमालयन चितुवा'को नामले विश्व परिचित बक्सर घिमिरेले पहिलो पटक तीनवटा अन्तरराष्ट्रिय 'किक बक्सिङ टाइटल' हात पार्दै अदम्य साहस तथा असाधारण उपलब्धि हासिल गरेका हुन् ।
बक्सर घिमिरेले जापानको ओसाका सहरमा आइतबार सम्पन्न विश्व प्रसिद्ध 'के वन क्रस १७५'को उपाधि चुम्दै नयाँ कीर्तिमान बनाउन सफल भएका हुन । अत्यन्त प्रतिस्पर्धात्मक प्रतियोगितामा उनले जापानी किक बक्सिङ 'च्याम्पियन' ओडा जिन्कलाई दोस्रो राउण्डमा परास्त गर्दै विश्व 'च्याम्पियन' बनेका हुन ।
'च्याम्पियन' जिन्कलाई रिङ्गा ढाल्ने बक्सर घिमिरे पहिलो नेपाली खेलाडी बनेको बक्सर अविरलका पिता एवं पूर्वअन्तरराष्ट्रिय किक बक्सर तथा फुलकन्ट्रयाक कराँते खेलाडी देव घिमिरेले जानकारी दिए । उनका अनुसार 'के वन क्रस १७५' लाई किक बक्सिङ खेलका क्षेत्रमा अन्यन्त प्रतिष्ठित प्रतियोगिता मानिन्छ । सो अन्तरराष्ट्रिय खेल हेर्ने जापानमा रहेका नेपाली तथा जापानीको उल्लेखनीय सहभागीता रहेको कराँते खेलाडी देवले बताए ।
प्रतियोगिताका लागि बक्सर अविरलले थाइल्याण्डको फुकेट सहरस्थित टाइगर मोथाई क्लबमा करिब डेढमहिना आफ्नै खर्चमा बन्द प्रशिक्षणसमेत लिएका थिए । 'के वन क्रस १७५'को उपाधि हात पारेपछि बक्सर अविरलले भने, ' 'के वन क्रस १७५'को उपाधि हात पार्नु नेपाल र मेरो लागि ऐतिहासिक क्षण हो । यसका लागि मेरा पिता एवं प्रशिक्षक कराँते खेलाडी देवलाई विशेष धन्यवाद दिन चाहन्छु । मेरो खेल हेर्न हलमा सहभागी भएका नेपाली र जापानी खेलप्रेमीलाई पनि धन्यवाद दिन चाहन्छु । मेरो खेलयात्रा जारी रहने छ ।'
किक बक्सिङ खेल क्षेत्रमा एकपछि अर्को ऐतिहासिक कीर्तिमान बनाउन सफल हुनुभएका बक्सर अविरलले हालै 'के वान वल्र्ड म्याक्स २०२५' प्रतियोगिताको उपाधि चुमेका थिए । 'के वान प्रोफेसनल किक बक्सिङ'द्वाराजापानको टोकियो सहरस्थित नेशनल



योयोगी स्टेडियम गत माघको अन्तिम साता आयोजित सो प्रतियोगितामा उनले जापानका बक्सर यसुहितो सिरासुलाई ढाल्दै विजयी हुन सफल भएका थिए । यसैगरी गत कात्तिक ११ मा इन्टरनेशनल स्पोर्टस् किक बक्सिङ एसोसिएसनद्वारा जापानको नागोया सहरस्थित नागोया कंग्रेस सेन्टरमा आयोजित 'इन्टरनेशनल किक बक्सिङ' (इस्का) प्रतियोगितामा 'हिमचितुवा'ले विश्वप्रसिद्ध फ्रान्सका बक्सर एन्टोनिन मार्कोनीलाई ढाल्दै 'वल्र्ड च्याम्पियन' हुन सफल भएका थिए ।
हालसम्म फ्रान्स, जापान, दक्षिण कोरिया, ब्राजिल, बोलिभिया, नेदरल्याण्ड, थाइल्याण्डलगायत देशका बक्सरलाई पराजित गरिसकेका युवा पुस्ताका चर्चित खेलाडी अविरलले अन्तरराष्ट्रिय प्रतियोगितामा नेपाली झण्डा फहराउँदै विश्वमा नेपालको पहिचान बनाउन सफल भएका हुन ।
बक्सर अविरल आफ्ना पिता बक्सर देवको साथमा जापानको नागोया सहरमा बस्दै आएका छन । कराँते खेलाडी देव सन् २००४ मा कोरियाको सोलमा सम्पन्न 'के वान प्राफेसलन किक बक्सिङ प्रतियोगिता'मा सहभागी हुने पहिलो दक्षिण एसियाली खेलाडी हुन । चन्द्रागिरि नगरपालिका–१२ गुर्जुधारा बलम्बूका बासिन्दा उनको परिवार हाल जापानको नागोया सहरमा बसोबास गर्दै आइरहेको छ ।रासस

# दुई महिना यता इजरायलद्वारा गाजामा भिषण युद्ध, १५१ को मृत्यु

**गाजा ।**
इजरायली सेनाले आइतबार गाजाका विभिन्न क्षेत्रमा जमिनी आक्रमण गरेको छ ।
अल जजीराको रिपोर्टका अनुसार एकै दिनमा यी आक्रमणमा १५१ जनाभन्दा बढीको मृत्यु भएको छ । पछिल्लो २ महिनामा इजरायलले गरेको यो सबैभन्दा ठूलो हमला हो । यसअघि मार्च १८ मा इजरायली हमलामा ४ सयभन्दा बढीको मृत्यु



भएको थियो । इजरायलले गाजा पट्टीमा विगत ४ दिनदेखि आक्रमणलाई तीव्र पारिरहेको छ । यी ४ दिनमा अहिलेसम्म झण्डै ४ सय जनाको मृत्यु भएको छ ।
इजरायलले गाजालाई नियन्त्रण गर्न मे ५ मा 'गिडोन केरियट्स' सैन्य अभियान सुरु गरेको थियो । इजरायलले हमासको अन्त्य नभएसम्म आफ्नो कारबाही जारी राख्ने बताएको छ ।एजेन्सी



# 'सरकारले सांसदले उठाएका जनताका मागलाई सम्बोधन गर्नुपर्छ ': तिमिल्सिना

**काठमाडौं ।**

*नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का नेत्री गोमादेवी तिमिल्सिनाले सबै प्रकृतिका हिंसाको अन्त्य गर्नुपर्ने आवश्यकता औंल्याएका छन । पछिल्लो समयमा महिला मात्रैभन्दा पनि पुरुषपनि बढी हिंसामा पर्ने गरेको उनको भनाइ छ ।*

*राष्ट्रियसभा सदस्य तिमिल्सिनाले भने, 'लिभिङ टुकेदर बस्ने तर, आफूले भनेको जस्तो भएन वा कुनै कुरामा कुरा नमिल्दा बलात्कार भयो भन्ने कुराहरु हामीले कसरी हेर्ने ? ' 'सार्वजनिक नीति तथा प्रत्यायोजित' समिति सदस्य सांसद तिमिल्सिनासँग राष्ट्रियसभाको अनुभव, सङ्घीय संसद्का गतिविधि, संविधान कार्यान्वयन र संशोधन र युवा पलायनलगायत मुलुकको समसामयिक विषयमा रासस*का समाचारदाता सुशील दर्नालले लिएका अन्तर्वार्ताको सम्पादित अंश :*

**महिला हिंसा अन्त्यको निम्ति के गर्नुपर्छ होला ?**

हिंसामा महिला मात्रै होइन, पुरुषपनि हिंसामा परेका छन् । हामीले सबै खालका हिंसाको अन्त्य गर्न जरुरी छ । यद्यपि, महिलामात्रै होइन, बालिका र वृद्धा पनि हिंसाको जोखिममा पर्ने गरेका छन् । अपाङ्गता भएका किशोरी वा बालिकापनि हिंसाको सिकार हुने गरेका छन् ।

यसलाई अन्त्य गर्न मुख्य भनेको कडा कानुन बनाएर प्रभावकारी कार्यान्वयन गर्दै नीतिगत प्रतिकार गर्नुपर्छ । अर्को, सचेतना पनि आवश्यक छ ।

**तपाईं निर्वाचित प्रदेश र पालिकाका सवालप्रति कति जिम्मेवार हुनुहुन्छ ?**

विकासको सवालमा राष्ट्रियसभामा बजेटको व्यवस्था हुँदैन । तरपनि हामीले जनतासँग जोडिएका समसामयिक विषयलाई संसद्मार्फत सरकारको ध्यानाकर्षण गराउने काम गर्दै आएका छौं । राष्ट्रियसभाको प्रादेशिक समयमा सबै सदस्यहरुले आफू निर्वाचित प्रदेश र स्थानीय तहका समस्यालाई प्राथमिकताका साथ उठाउँदै आउनुभएको छ । तर फेरि पनि मुख्य कुरा कार्यान्वयन हो । सरकारले सांसदले उठाएका विषयलाई कार्यान्वयनमा ध्यान दिएको देखिँदैन ।

**तपाईंको राष्ट्रियसभाको अहिलेसम्मको अनुभव कस्तो रह्यो ?**

राष्ट्रियसभाको सदस्य भएको तीन वर्ष भयो । मेरो संसदीय अनुभव पहिलो हो । सभामा जाँदैगर्दा केही समय मलाई बुझ्नै लाग्यो । संसद् भनेको मुख्य गरी कानुन निर्माण गर्ने हो । प्रतिनिधिसभाबाट आएका विधेयकलाई हामीले पर्याप्त छलफल गरेर राष्ट्रियसभाबाट पारित गर्छौं । राष्ट्रियसभा अन्तरगत चार वटा समिति छन् ।

ती समितिमा पनि सरकारले ल्याएको विधेयको बारेमा गहिरो छलफल हुन्छ । तर, सरकार बहुमतको छ । सरकारले ल्याएका विधेयकमाथि जति छलफल भए पनि परिवर्तन हुँदैन । संसद्मा बहुमतका आधारमा विधेयक पारित हुन्छ । म राष्ट्रिय सभाप्रति सन्तुष्ट छु । किनभने राष्ट्रियसभा भनेको प्रतिनिधिसभा भन्दा फरक छ । राष्ट्रिय सभामा सम्बन्धित मन्त्रालय, सरोकारवाला विज्ञसँग पर्याप्त छलफल गरेर मात्रै विधेयक अगाडि बढाउने गरेका छौं ।

**युवा पलायन रोक्नका लागि के गर्न सकिन्छ होला ?**

अहिले देशको लागि युवा पलायन गम्भीर समस्याको रुपमा देखा परेको छ । यो बढ्दैपनि गइरहेको छ । समस्या समाधान गर्न सबैभन्दा पहिला बन्द भएका र रुग्ण अवस्थामा रहेका उद्योग सञ्चालन गर्नुपर्छ । मैले यो कुरा पटक–पटक संसद् र सार्वजनिक फोरममा उठाउँदै आएकी छु । तर मैलेयता संसद्मा बोल्दैगर्दा उता सरकारले ती उद्योगलाई निजीकरणमा हालिसकेको हुन्छ । कम्तीमा सङ्घीय सांसदले उठाएका विषयमा सरकारले छलफल गर्नुपर्ने हो । तर त्यो पाएको छैन ।

**महिलाको सवालमा संवैधानिक व्यवस्थाको कार्यान्वयनको अवस्थालाई कसरी हेर्नुभएको छ ?**

महिला मात्रै नभएर संविधानले बालबालिका, ज्येष्ठ नागरिक, असहाय र अपाङ्गता भएका व्यक्तिलगायत सबैको अधिकार सुनिश्चित गरेको छ । तर, पूर्ण रुपमा कार्यान्वयन हुनसकेको छैन । विशेष गरी पछाडि परेका समुदायको संवैधानिक अधिकार कार्यान्वयन गर्न सरकारले कोसिस नै गरेको छैन । महिलाको सवालमा सहभागिताको हिसाबले संसद्मा ३३ प्रतिशत महिलाको सहभागिता भएको छ । योसँगै आर्थिक, सामाजिकलगायत महिलाको संवैधानिक अधिकारलाई व्यवहारिकरुपमै पूर्णमा कार्यान्वयन गर्नुपर्छ ।

**संविधान संशोधनप्रति तपाईंको धारणा के छ ?**

संविधान संशोधन हुनुभन्दा पहिला कार्यान्वयन जरुरी छ । संविधान कार्यान्वयन गर्दैगर्दा संशोधन गर्नुपर्ने आवश्यकता भएको खण्डमा संशोधन गर्नुपर्ने हुन्छ । तर संविधानको पूर्ण कार्यान्वयन हुन सकेको छैन । मुख्य कुरा, सरकारले महिला, बालबालिका वा पछाडि परेका समुदायको हितमा अधिकारलाई कार्यान्वयन गर्नुपर्छ ।

अहिले नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) गरी दुई ठूला पार्टीको सरकार छ । तर, सरकारमा दुई जना मात्रै मन्त्री छन् । एक जना 'क्याबिनेट' मन्त्री, अर्को राज्यमन्त्री । मन्त्रिपरिषद्लाई महिलासहितको समावेशी बनाउनका लागि सबैभन्दा लोकतान्त्रिक भनिएको पार्टी कांग्रेस र क्रान्तिकारी भनिएको पार्टी एमालेले विचार गर्नुपर्ने हो । तर उहाँहरुको त्यसतर्फ ध्यान पुगेको छैन । त्यसकारण मन्त्रिपरिषद्लाई महिलासहितको समावेशी बनाउन संवैधानिक व्यवस्था हुनुपर्छ ।

ऐन÷कानुन र नीति बनाएर कार्यान्वयन गर्नुपर्छ । अर्को कुरा, महिला नेत्रीले आ–आफ्नो पार्टीभित्र महिला सहभागिताको विषयलाई प्राथमिकताका साथ उठाउनुपर्छ । पार्टीभित्र आफ्नो निम्ति अधिकार खोज्नुपर्छ ।

**तपाईंको पार्टीको संसदीय भूमिकालाई कसरी हेर्नुभएको छ ?**

हाम्रो पार्टी राष्ट्रिय पार्टी बन्न सकेन । तर हामी सानो पार्टी भए पनि संसद्मा सशक्त छौं । हामीलाई सानो पार्टी भनेर कहिलेकाहीँ तुच्छ रुपमा पनि हेर्ने र अपहेलना गरेको जस्तो लाग्छ । तर, यर्थात त्यस्तो होइन । हामी कोहीभन्दा कमि छैनौं ।

हाम्रो राष्ट्रियसभामा आठ जना र प्रतिनिधिसभामा १० सांसद जना छौं । तर कानुन निर्माणदेखि जनताका समसामयिक विषयमा सशक्त आवाज उठाउँदै आएका छौं । प्रतिनिधिसभामा रहनुभएका १० जना सांसदले आफ्नै ढङ्गले गर्नुभएको होला । तर, हामी राष्ट्रियसभामा रहेका आठजना सांसदले एक आपसमा समन्वय र सहकार्यको आधारमा सक्रिय रहँदै आएका छन् । ठूला पार्टीको भन्दा संसद्मा हाम्रो योगदान कमजोर छैन । हामी सैद्धान्तिक र व्यवहारिक रुपमा बफादार र इमानदारीका साथ अगाडि बढेका छौं ।

**सङ्घीयतालाई अझै सुदृढबनाउन तपाईंको सुझाव के छ ?**

एकातिर सङ्घीयता हटाउनुपर्छ भन्नेपनि सुनिन्छ भने अर्कोतिर सङ्घीयताको आकार सानो बनाउनुपर्छ भन्ने पनि सुनिँदै आएको छ । अर्को कुरा, यो सङ्घीयतालाई अझै सुधारेर लैजानुपर्छ भन्नेपनि बहस छ । सबैभन्दा पहिला सङ्घीय, प्रदेश र स्थानीय तहले इमान्दारिताका साथ काम गर्नुपर्छ । तीनै तहका सरकारले घुस खाएर काम गर्नुभएन । बिना स्वार्थ काम गरेको खण्डमा सङ्घीयता आफैं बलियो हुन्छ । वडा अध्यक्षदेखि प्रधानमन्त्रीसम्मले निश्कलङ्क भएर काम गर्नुपर्छ ।

आफ्नो प्रदेशभित्रका, आफ्नो पालिका र वडाभित्रका जनतालाई कसरी सर्वसुलभ सेवा दिने भन्ने बारेमा सोच्न जरुरी छ । खाली एउटा सरकारले अर्को सरकारलाई दोसारोपण गरेर मात्रै हुँदैन । सबैले आ–आफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ । अनि मात्रै सङ्घीयता बलियो हुन्छ ।रासस

# अझै बनेन दुई वर्षअघि भाँसिएको बिरिङको पुल



**झापा ।**

यहाँको अर्जुनधारा नगरपालिकास्थित बिरिङ खोलामा दुई वर्षअघि बाढीले भासिएको पक्की पुल अझैसम्म बनेको छैन । झापाको बिर्तामोडबाट अर्जुनधारा हुँदै इलामको माइ नगरपालिका जोड्ने उक्त पुलमा जोखिम मोलेर साना सवारी आवतजावत गरिरहेका छन् ।

स्थानीय मेघराज रन्तेलले भासिएको पुल तत्काल मर्मत सम्भार गर्न सरकारले चासो नदेखाएको बताए । उन भने, 'पहिलो वर्ष त बजेट थिएन होला भनेर चित्त बुझायौं, अब दोस्रो वर्ष पनि नबन्दा चाहिँ चिन्ता लागेको छ ।'

हिउँदमा सवारी आवागमन हुने उक्त पुल बर्खामा बन्द हुने गरेको छ । पुलको छत भासिएर खोलामा पुगेको कारण अब सो स्थानमा नयाँ पक्की पुल बनाउनु पर्ने स्थानीयवासीको माग छ । बर्खाको बाढी पुलमाथिबाट बग्ने गरेको छ । अर्जुनधारा नगरपालिकाका सूचना अधिकारी हेमराज सेढाईंले पुल निर्माणमा बजेट व्यवस्थापनका लागि पालिकाले सङ्घीय सरकारसँग अनुरोध गरेको बताए । 'सभामुख देवराज घिमिरे र भौतिक पूर्वाधार मन्त्री देवेन्द्र दाहालले चासो देखाउनुभएको छ ।' उनले भने, 'उहाँहरुले पुलको अवस्था हेर्नु भएको पनि छ र आगामी वर्षको बजेटमा पुल पर्ने आशा गरेका छौं ।' नगरपालिकासँग नयाँ पुल निर्माण गर्न पुग्ने बजेट नभएको जनाउँदै उहाँले सङ्घीय सरकारकै बाटो कुर्नु बाध्यता भएको बताए । पुल भासिएर काम नलाग्ने भइसकेको कारण मर्मतसम्भारबाट काम नचल्ने उनको भनाइ छ ।

विसं. २०६५ सालमा भारत सरकारको दुई करोड रुपैयाँको सहयोगमा उक्त पुल निर्माण गरिएको थियो । पुल निर्माणसँगै सो सडकमा लामो दूरीका यातायातसमेत चल्न थालेका थिए ।

सडक डिभिजन कार्यालय दमकका सूचना अधिकारी विपीन ढुङ्गानाले चालु आर्थिक वर्षको कार्ययोजनामा सो पुल नपरेको बताए ।रासस

# पाँच हजार किसानलाई स्रोत किसानका रूपमा विकास गरिने

**चितवन ।**

जिल्लाका पाँच हजार किसानलाई स्रोत किसानका रुपमा विकास गरिने भएको छ । यहाँका हरेक दुग्ध उत्पादक सहकारीमा आबद्ध उनीहरुलाई जलवायुको असरका कारण दुग्ध उत्पादनमा परेको समस्या न्यूनीकरणका उपायहरु र जलवायु परिवर्तनमा पशु चौपायले पार्ने असरका बारेमा जानकारी गराइने छ । चितवन जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घ र केन्द्रीय दुग्ध सहकारी सङ्घको सक्रियता एवम् हेफर इन्टरनेशनलको सहयोगमा किसानलाई तालिम दिन लागिएको हो । यसको सुरुआती स्वरुप जिल्लाका सातवटै पालिकाको पशु शाखाका चिकित्सक एवम् प्राविधिक र निजी क्षेत्रका प्राविधिकलाई आइतबारदेखि तालिम सुरु गरिएको छ । तीन दिनसम्म पशु चिकित्सक एवम् प्राविधिकलाई तालिम दिएर उनीहरुले पालिकामा रहेका सहकारीमा आबद्ध किसानलाई तालिम दिनेछन् ।

जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घका अध्यक्ष किशोर बगालेले जलवायुका कारण दुध उत्पादनमा परेको असर र पशुका कारण जलवायुमा पर्ने असरको विषयमा ज्ञान लिई दुवैको समस्या समाधानका लागि सहयोग पुग्ने बताए । उनका अनुसार यसरी तालिम लिएका पाँच हजार किसानले दुग्ध उत्पादनका क्षेत्रमा असल अभ्यास गर्ने छन् ।

केन्द्रीय दुग्ध सहकारी सङ्घका अध्यक्ष अम्बरबहादुर कुवँरले दुग्ध उत्पादक किसानलाई आत्मनिर्भर बनाउन तालिम आवश्यक रहेको बताए । उनका अनुसार पाँच हजार किसानबाट अन्य किसानले पशुपालन अभ्यास सिक्न पाउने छन् । हेफर इन्टरनेसनलका कार्यक्रम संयोजक डा लेखनाथ अधिकारीले चितवनका किसानलाई आत्मनिर्भर बनाउन पशुपालन क्षेत्रमा काम गरिएको बताए । यहाँको असल अभ्यासले देशलाइनै नतिजा दिने गरी काम हुने विश्वास उनले व्यक्त गरे । जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायण अधिकारीले दुग्ध उत्पादक किसानलाई असल पशुपालन अभ्यास अहिलेको आवश्यकता रहेको बताए । यसका लागि तीनै तहको सरकारले सहजिकरणको भूमिका निर्वाह गर्न जरुरी रहेको उनले बताए ।

बागमती प्रदेश दुग्ध विकास बोर्डका उपाध्यक्ष हरिप्रसाद पौडेलले दुग्ध उत्पादनका क्षेत्रमा काम गर्न यस्ता कार्यक्रम फलदायी हुने उल्लेख गरे । रासस

# धुलिखेल–साँगा सडकखण्ड कालोपत्रे शुरु

**काभ्रेपलाञ्चोक ।**

स्तरोन्नति भइरहेको अरनिको राजमार्गअन्तर्गत साँगा–धुलिखेल सडकखण्डको कालोपत्र सुरु गरिएको छ । धुलिखेलबाट बनेपातर्फको तीन किलोमिटर सडक आगामी असारभित्र कालोपत्र सम्पन्न गर्ने सूर्यविनायक–धुलिखेल, धुलिखेल–सिन्धुली–बर्दिबास सडक आयोजनाले जनाएको छ ।

अरनिको राजमार्गअन्तर्गत साँगा–धुलिखेल सडकखण्ड ६ लेनमा विस्तार भइरहेको हो । सूर्यविनायक–साँगा र साँगा–धुलिखेल गरी दुई खण्डमा सडक विस्तार भइरहेकामा साँगा–धुलिखेल खण्ड कालोपत्र सुरु गरिएको हो । धुलिखेल मुख्यचोकदेखि बनेपातर्फको बाँसघारीसम्म एक किलोमिटर सडक हाल कालोपत्र सुरु गरिएको आयोजनाका इन्जिनियर विष्णुप्रसाद खनालले बताए ।

हाल आधुनिक प्रविधिबाट कालोपत्रको पहिलो तह सकेर दोस्रो तहको काम भइरहेको जनाइएको छ । खनालका अनुसार सडकको मुख्य भागमा ८० सेन्टिमिटरको कालोपत्र हुने छ । पहिलो तहमा ३० देखि ३५ समीको 'सबबेस', त्यसपछि २० सेमीको 'सिटिपी' गरी त्यसमाथि १० सेमीको 'क्र्याक–रिलिफ लेयर' हालेर त्यसमाथि ११ देखि १३ सेमीको 'डिबिएम' गरी त्यसमाथि ६ सेमीको 'आस्फाल्ट कङ्क्रिट लेयर' गरी जम्मा ८० सेमीको आधुनिक प्रविधिबाट कालोपत्र भइरहेको हो ।

सूर्यविनायक–धुलिखेलसम्म १६ किमी छ । जसमा सूर्यविनायक–साँगा ७ दशमलव ५ किमी र साँगा–धुलिखेल ८ दशमलव ५ किमी छ । उक्त दुरीमा ६ लेन सडक विस्तार तीन वर्षमा सम्पन्न गर्ने गरी दुई खण्ड, दुई चरणमा ठेक्का सम्झौता गरिएको थियो ।

सूर्यविनायक–साँगासम्मको ठेक्का विसं २०७९ मङ्सिर र साँगा–धुलिखेलसम्मको ठेक्का सम्झौता २०७९ पुसमा गरिएको थियो । सडकखण्ड दुई सर्भिस लेन र चार मेन लेनसहित ६ लेनको बनाउने ठेक्का सम्झौता छ । इन्जिनियर खनालका अनुसार हालसम्म साँगा–धुलिखेल सडकखण्डको भौतिक प्रगति करिब ५० प्रतिशत सम्पन्न भएको छ । हाल सुरु गरिएको तीन किमी कालोपत्रे असार मसान्तभित्र सकेर करिब ६० प्रतिशत भौतिक प्रगति गर्ने लक्ष्य आयोजनाको छ ।

उक्त आयोजनाअन्तर्गत पहिलो चरणमा साँगादेखि धुलिखेल आठ दशमलव ४ किमी सडकखण्ड विस्तारका लागि चार अर्ब पाँच करोड ६४ लाख रुपैयाँ का तथा दोस्रो चरणमा सुरु भएको सूर्यविनायक–साँगा सडकखण्ड तीन अर्ब ८८ करोड ९३ लाख रुपैयाँ मा सम्झौता भएको थियो ।

साँघुरो सडकका कारण वर्षेनी ट्राफिक जाम बढ्दै गएपछि विस्तार थालिएको हो । चीनसँगको छोटोदूरीको सिन्धुपाल्चोकको तातोपानी नाका खुला भएपछि यस राजमार्गमा सवारी चाप दिनहुँ बढिरहेको छ । हाल कोटेश्वरबाट यही राजमार्गमा मध्यपहाडी क्षेत्र तथा पूर्वोत्तराइका लामा दुरीका सवारी मात्र दैनिक दुई हजार ५०० भन्दा बढी गुड्ने गरेका छन् ।

# अन्तर्राष्ट्रिय गणित ओलम्पियाडमा कास्य पदक जितेका आशिषलाई मुख्यमन्त्रीबाट प्रशंसापत्र

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका विद्यार्थी आशिष मिश्रले अन्तर्राष्ट्रिय म्याथमेटिक्स ओलम्पियाडमा कास्य पदक जितेपछि प्रदेश सरकारले उनलाई विशेष प्रशंसापत्र प्रदान गर्दै भावी सफलताका लागि शुभकामना व्यक्त गरेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जारी पत्रमार्फत आशिषको उपलब्धिलाई 'प्रदेशको गौरव' भन्दै प्रशंसा गरिएको हो । मुख्यमन्त्री कार्यालयबाट जारी भएको प्रशंसापत्रमा मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले मिश्रलाई तुर्कमेनिस्तानको अश्गाबातमा २१ देखि २६ अप्रिल २०२५ सम्म आयोजना भएको अन्तर्राष्ट्रिय म्याथमेटिक्स ओलम्पियाडमा कास्य पदक विजेता बन्न सफल भएकोमा बधाई तथा शुभकामना व्यक्त गरेका छन् । साथै, आगामी जुलाई १० देखि २० तारिखसम्म अष्ट्रेलियाको सनशाइन कोस्ट क्विन्सल्याण्डमा आयोजना हुने ६६औं अन्तर्राष्ट्रिय म्याथमेटिक्स ओलम्पियाड (आइएमओ २०२५) मा




नेपालबाट प्रतिनिधित्व गर्ने सहभागीका रूपमा छनोट भएकोमा समेत अग्रिम बधाई दिइएको छ । पत्रमा भनिएको छ, 'तपाईंको यो उपलब्धि व्यक्तिगत गर्वको विषय मात्र नभई मधेश प्रदेशका युवामा रहेको प्रतिभा र सम्भावनाको उज्वल उदाहरण समेत हो । यस्तो अन्तर्राष्ट्रिय मञ्चमा प्रतिस्पर्धा गर्नु तपाईंको अथक मेहनत, समर्पण र गणितप्रतिको लगावको प्रमाण हो । तपाईंले सम्पूर्ण प्रदेशलाई गर्व गर्न लायक बनाउनु भएको छ ।' मुख्यमन्त्री सिंहले मिश्रको उज्वल भविष्यको कामना गर्दै भनेका छन्, 'हामी तपाईंको उत्कृष्ट प्रदर्शनको अपेक्षा गर्दछौं । तपाईंले नेपाल र मधेश दुवैको नाम उच्च बनाउन सफल होऊन् भन्ने शुभकामना छ । तपाईंको यो यात्रा सम्पूर्ण प्रदेशका विद्यार्थीहरूका लागि प्रेरणादायी छ ।' प्रशंसापत्र प्राप्त भएपछि मिश्रले भने, 'प्रदेश सरकारबाट यति ठूलो सम्मान प्राप्त गर्नुले मेरो आत्मविश्वास झन बढेको छ । म आइएमओ २०२५ मा नेपाल र मधेश दुवैलाई गौरव गराउन सबैभन्दा उत्कृष्ट प्रयास गर्नेछु ।' उनका अनुसार यस्तो किसिमको सरकारी प्रशंसा र समर्थनले भविष्यमा विज्ञान र गणितमा अब्बल बन्ने इच्छाशक्ति भएका विद्यार्थीहरूलाई थप हौसला मिल्नेछ । धनुषा जिल्लाको औरही गाउँपालिका–२ परवाहाका बासिन्दा आशिष मिश्र विगत केही वर्षदेखि गणितमा गहिरो रुचि राख्दै अन्तर्राष्ट्रिय स्तरका प्रतिस्पर्धामा सहभागी हुँदै आएका छन् । गतवर्ष पनि उनले एसियाली स्तरमा विभिन्न पुरस्कार जितेका थिए । प्रदेश सरकारले मिश्रको प्रयासलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा फैलिएको 'मधेशको प्रतिभा' को रूपमा चिनाउँदै आगामी दिनमा प्रदेशस्तरीय छात्रवृत्ति र अनुसन्धान प्रवर्धन कार्यक्रमहरू विस्तार गर्ने प्रतिबद्धता पनि जनाउँदै आएको छ ।

# लालबन्दीमा यात्रुवाहक बस र म्याजिक ठोक्किँदा एक युवतीको मृत्यु, ८ जना घाइते

**राजिव झा**
**सर्लाही ।**
सर्लाहीको लालबन्दी नगरपालिका–१७ स्थित रानिगञ्जमा सोमबार दिउँसो पूर्व–पश्चिम राजमार्गमा यात्रुवाहक बस र म्याजिक ठोक्किँदा एक युवतीको ज्यान गएको छ भने ८ जना घाइते भएका छन् । प्रहरीका अनुसार दुर्घटना सोमबार साँझ करिब ४:४० बजे भएको हो । ना ६ ख ७२२७ नम्बरको बस रानिगञ्जबाट लालबन्दीतर्फ आउँदै गर्दा विपरीत दिशाबाट जाँदै गरेको ना १ ज २६४५ नम्बरको म्याजिक सवारीलाई ठक्कर दिएको थियो । ठक्करका कारण म्याजिकमा सवार २२ वर्षीया सोना पन्तको मृत्यु भएको हो । उनी सर्लाही जिल्लाको लालबन्दी नगरपालिका–१७ रानिगञ्जकी बासिन्दा हुन् । घटनापछि घाइतेहरुलाई तत्कालै लालबन्दीस्थित मोडेल अस्पताल पुर्याइएको थियो । तर, उपचारको क्रममा साँझ ४:५० बजे चिकित्सकले सोना पन्तलाई मृत घोषित गरेका थिए । घटनामा घाइते भएका अन्य आठ जनामध्ये अधिकांशको टाउको, नाक, खुट्टा तथा कम्मरमा चोट लागेको र अवस्था मध्यम रहेको जनाइएको छ । घाइते हुनेहरुमा ईश्वरपुर–७ की ६५ वर्षीया शान्ति देवी राम, सागरनाथकी २२ वर्षीया अमिसा श्रेष्ठ, ५६ वर्षीया फुल कुमारी घलान, १८ वर्षीय अंकित महतो, ४५ वर्षीया बबिता श्रेष्ठ, १९ वर्षीय राजकिशोर साह, ५४ वर्षीय रबिनाथ महतो, २१ वर्षीय विजय तामाङ रहेका छन् । घटनास्थलमा दुवै सवारी साधन रोकिएको अवस्थामा रहेका छन् भने बस चालक भने फरार रहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ । फरार चालकको खोजी कार्य तीव्र बनाइएको छ । घटनाको सूचना पाएपछि इलाका प्रहरी कार्यालय लालबन्दीबाट प्रहरी निरीक्षक वीरेन्द्र सिंह जोहारीको नेतृत्वमा २७ जनाको टोली घटनास्थलमा खटिएको थियो । त्यसैगरी जिल्ला ट्राफिक प्रहरी कार्यालय नवलपुरबाट प्रहरी निरीक्षक रजोस घिमिरेको कमाण्डमा थप ६ जना र सुरक्षा बेस क्याम्प हरिवनबाट सशस्त्र प्रहरी निरीक्षक एकराज बुर्लाकोटीको नेतृत्वमा १३ जनाको सुरक्षा टोली घटनास्थलमा परिचालन गरिएको थियो ।
राजमार्गको व्यस्त खण्डमा भएको सो दुर्घटनापछि समेत यातायात अवरुद्ध नभएको र घटनाको विस्तृत अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । मृतकको शव हाल मोडेल अस्पताल लालबन्दीमै राखिएको छ ।

# वन अतिक्रमण र चुरे दोहनविरुद्ध चुरे अभियन्ताको प्रदर्शन, वनमन्त्रीको राजीनामा माग




**मधेशदृष्टि**
**रौतहट ।**
रौतहट जिल्लाको चन्द्रपुर नगरपालिका–३ स्थित गैडाटार क्षेत्रमा भइरहेको वन आरोप लगाउँदै प्रदेशका वन तथा वातावरण मन्त्री त्रिभुवन साहको राजीनामा माग गरेका छन् । प्रदर्शनकारीका अनुसार गैडाटार क्षेत्रमा पाँच बिगाहा देखिन्छ ।' उनले थपे, 'ठेकदारसँगको साँठगाँठ, स्थानीय विकास योजनामा हुने कमिसनको लेनदेन र अराजक ढंगले चुरे दोहनले प्रदेशको




अतिक्रमण, सिसौको रुख कटानी तथा चुरे क्षेत्रबाट गिट्टी–बालुवा र ढुंगा तस्करी विरुद्ध आवाज उठाउँदै चुरे तथा वन जंगल संरक्षण अभियान नेपाल रौतहटले डिभिजन वन कार्यालय अगाडि विरोध प्रदर्शन गरेको छ । जिल्ला संयोजक अमिरी सहनीको नेतृत्वमा सोमबार गरिएको प्रदर्शनमा दर्जनौं चुरे अभियन्ताहरूको सहभागिता रहेको थियो । उनीहरूले वन मन्त्रालय र डिभिजन वन कार्यालयमा गम्भीर अनियमितता भएको भन्दा बढी वन क्षेत्र अतिक्रमण गरिएको छ । त्यहाँका सैकडौं सिसौका रुखहरू अवैध रूपमा काटिएको, काठ तस्करी गरिएको र चुरे क्षेत्रमा खानीजन्य स्रोतहरू—गिट्टी, बालुवा, ढुंगको व्यापक अवैध उत्खनन गरिएको आरोप लगाइएको छ । अभियन्ता राजेश भण्डारीका अनुसार, 'वन कार्यालयले सर्वसाधारणलाई काठ वितरण नगरी ठेकदारलाई प्रतिक्युबिक फिट १४–१५ सय रुपैयाँमा टेन्डर दिने गरेको छ । यसमा उच्च तहसम्मको मिलोमतो वातावरणीय सन्तुलनमा ठूलो खतरा निम्त्याएको छ ।'
प्रदर्शनमा सहभागी अभियन्ताहरूले 'चुरे दोहन बन्द गर', 'कमिसन खोर वन सचिव प्रदेश छोड', 'अतिक्रमणकारी माफियालाई कारबाही गर' भन्ने नारासहित सरकारको ध्यानाकर्षण गराए । नन्दकिशोर राम, ओपिन्द्र यादव, अनिता यादव, निरज साहलगायत अभियन्ताहरूले यस अभियानलाई निरन्तरता दिने चेतावनीसमेत दिएका छन् ।

# अख्तियार हेटौँडा कार्यालयमा रौतहटको स्थानीय तहसम्बन्धी धेरै उजुरी

**वीरगंज ।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौँडा कार्यालय मातहतका १२ वटा जिल्लाका स्थानीय तहमा चालु आर्थिक वर्षको वैशाखसम्मको अवधिमा एक हजार पाँच सय ६४ उजुरी परेका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौँडा कार्यालयका प्रहरी नायब उपरीक्षक राजीव श्रेष्ठले कार्यालय मातहतका जिल्लामध्ये रौतहट, बारा र पर्सा जिल्लाका स्थानीय तहमा सबैभन्दा धेरै उजुरी आउने बताए ।
'चालु आवको १० महिनामा रौतहटका स्थानीय तहसम्बन्धी चार सय ३० उजुरी दर्ता भएका छन्,' उनले भने, 'दोस्रो धेरै उजुरी पर्नेमा बारामा तीन सय ९७ र पर्सा जिल्लामा तीन सय ५२ वटा उजुरी परेका छन् ।'
कार्यालय मातहत चालु आवमा सबैभन्दा कम उजुरी भने रामेछाप र रसुवा जिल्लामा परेको छ । जहाँ १० महिनामा तीन–तीन वटा मात्रै उजुरी परेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौँडा कार्यालयका प्रमुख उमाकान्त आचार्यले स्थानीय तहमा विधिको शासन र सुशासन कायम राख्न जरुरी रहेको बताए । 'मधेश प्रदेशका स्थानीय तहमा भएका विकृतिको उजुरीको सङ्ख्या उच्च रहेको छ,' उनले भने, 'स्थानीय तहले सुशासन कायम गर्दै यहाँ देखिएका विकृति र विसङ्गतिको अन्त्य गर्न आवश्यक भइसकेको छ ।' उनले अख्तियारमा उजुरी पर्दैमा डराउन नपर्नेसमेत धारणा राखे । प्रहरी नायब उपरीक्षक श्रेष्ठले स्थानीय तहमा सार्वजनिक खरिद प्रक्रियाका विषयमा धेरै खालका उजुरी आउने गरेको बताए ।
'स्थानीय तहमा विशेष गरेर सार्वजनिक खरिद र निर्माण प्रक्रियामा उजुरी धेरै आउने गरेका छन्,' उनले भने, 'गलत इष्टिमेट तयार पार्ने । खरिद प्रक्रिया र कानुनको परिपालन गर्ने संस्कारको निकै कम देखिएको छ,' उनले भने, 'उपभोक्ता समितिले जिम्मा लिएको काम अर्को ठेकेदारमार्फत काम गराउने गलत प्रवृत्तिको पनि विकास भइरहेको छ ।' गत आवमा कार्यालय मातहतका १२ जिल्लामा नौ सय १८ वटा उजुरी अख्तियारमा परेका थिए । नायब प्रहरी उपरीक्षक श्रेष्ठले अख्तियार कार्यालय हेटौँडाले चालु आवको १० महिनामा एक हजार ३९ वटा उजुरी फछ्र्याैट गरेको बताए । जबकी गत आवभरिमा भने चार सय ५४ वटा उजुरी फछ्र्याैट गरेको थियो । कार्यालयका अनुसार चालु आवको १० महिनामा पाँच सय २५ उजुरी फछ्र्यौट गर्न बाकीँ छ, भने गत आवको पनि चार सय ६४ उजुरी फछ्र्यौट गर्न बाँकी छ । हेटौँडा कार्यालय मातहत मधेश प्रदेशका तीन जिल्ला र बागमती प्रदेशका नौ जिल्ला पर्ने गर्छन् । जसमा रौतहट, बारा, पर्सा, मकवानपुर, चितवन, धादिङ, दोलखा, काभ्रेपालाञ्चोक, सिन्धुपाञ्चोक, रसुवा, नुवाकोट र रामेछाप जिल्ला पर्दछ ।

# रक्सौल सीमा नजिकै एक कोरियाली नागरिक पक्राउ अवैध बसोबास र नक्कली आधार कार्डको आरोप

**मधेशदृष्टि**
**वीरगंज ।**
भारतको बिहारस्थित रक्सौल सीमा क्षेत्रबाट एक दक्षिण कोरियाली नागरिक पक्राउ परेका छन् । उनी विगत केही वर्षदेखि अवैध रूपमा भारतमा बसोबास गरिरहेका थिए । किम याङ डे नामका ती नागरिकलाई पक्राउ गरिएको पूर्वी चम्पारण जिल्ला प्रहरी कार्यालयले पुष्टि गरेको छ । प्रहरीका अनुसार किम याङ डे दक्षिण कोरियाको क्योङ की डो प्रान्तका बासिन्दा हुन् । उनी रक्सौल नाकाबाट नेपाल प्रवेश गर्ने प्रयासमा थिए । तर, वैध यात्रा कागजात नभएको पाइएपछि सुरक्षाकर्मीहरूले उनलाई नियन्त्रणमा लिएको जानकारी दिएको छ । पूर्व चम्पारणका प्रहरी उपरीक्षक स्वर्ण प्रभातका अनुसार किम याङ डे सन् २०१७ मा वैध भिसामा भारत प्रवेश गरेका थिए । तर, उनको भिसाको अवधि सन् २०२१ को जनवरीमै सकिएको थियो । त्यसपछि उनी कुनै वैध कागजातबिना भारतमा अवैध रूपमा बसोबास गरिरहेका थिए । प्रहरीका अनुसार उनी चेन्नईमा काम गर्दै आएको बताएका छन् । प्रहरी अनुसन्धानका क्रममा किमले भारतको नागरिकता देखाउने नक्कली आधार कार्ड बनाएको तथ्य समेत खुलेको छ । सोही आधारमा उनी भारतमा खुल्लमखुल्ला बस्दै आएका थिए ।
अधिकारीहरूले भने, 'उनको कागजात नक्कली भएको पुष्टि भएपछि आप्रवासनसम्बन्धी कानूनी कारबाही प्रक्रिया शुरु गरिएको छ ।' एसपी स्वर्ण प्रभातले किम याङ डेविरुद्ध आवश्यक कानुनी प्रक्रिया शुरु गरिसकिएको बताए । विदेशी नागरिकसम्बन्धी ऐन अन्तर्गत मुद्दा दर्ता गरिएकाले अब थप अनुसन्धान हुँदैछ । साथै, गृह मन्त्रालय, आप्रवासन विभाग तथा कोरियाली दूतावासलाई पनि सूचना पठाइएको प्रहरीले जनाएको छ । यस घटनापछि रक्सौल सीमा क्षेत्रमा वैदेशिक नागरिकहरूको गतिविधिबारे निगरानी कडा पारिने तयारी भइरहेको सुरक्षा स्रोतले जनाएको छ । नेपाल–भारत खुला सीमाको दुरुपयोग गर्दै विभिन्न देशका नागरिक गैरकानुनी रूपमा प्रवेश गर्ने प्रयास गरिरहेका घटनाहरू पछिल्लो समय बढ्दै गएको देखिन्छ ।

# तेस्रो मेयर कपमा उत्कृष्ट खेल पत्रकारिता गर्ने तीन पत्रकार सम्मानित



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
तेस्रो मेयर कप टी–२० क्रिकेट प्रतियोगिताको सफल समापनसँगै खेल समाचार लेखन तथा प्रसारणमा उल्लेखनीय योगदान गर्ने धनुषाका तीन पत्रकारहरूलाई जनकपुरधाम उपमहानगरपालिकाले विशेष सम्मान गरेको छ । खेलकुद पत्रकारिताको मूल्याङ्कन गर्दै आयोजना गरिएको कार्यक्रममा पत्रकारहरूको मेहनतलाई औपचारिक रूपमा कदर गरिएको हो । जनकपुरधाम उपमहानगरपालिकाले सोमबार एक कार्यक्रमको आयोजना गर्दै खेलकुद समाचारको उत्कृष्टता, निरन्तरता र प्रभावकारिताको आधारमा तीन जना पत्रकारलाई पुरस्कार तथा सम्मान प्रदान गरेको हो । सम्मानित हुने पत्रकारहरूमा कान्तिपुर दैनिकका संवाददाता कमलेश ठाकुर, रेडियो नेपालका अजय झा र टिभी टुडे तथा प्राइम टिभीकी संवाददाता चाँदनी झा रहेका छन् । खेल पत्रकारिताको मूल्याङ्कन र निर्णयका लागि पाँच सदस्यीय समिति गठन गरिएको थियो । समितिमा पत्रकार अजित तिवारी, बटुकनाथ झा – नेपाल पत्रकार महासंघ धनुषाका सचिव बटुकनाथ झा, नेपाल पत्रकार महासंघका निवर्तमान केन्द्रीय सदस्य रिंकु मिश्र 'गायत्री', जिल्ला क्रिकेट संघ धनुषाका सचिव आशिष झा र सदस्य सरोज मिश्र थिए । कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साहले तीनै पत्रकारलाई सम्मानपत्र, दोसल्ला र नगद पुरस्कार प्रदान गर्दै प्रशंसा व्यक्त गरेका थिए । उनले भने,
'खेलकुदको विकासका लागि खेलकर्मी जत्तिकै भूमिका पत्रकारले पनि खेलको लोकप्रियता, पारदर्शिता र जनचेतनामा खेलेका छन् । पत्रकारहरूको यस्तो योगदानलाई सम्मानित गर्दा हामीले भविष्यका लागि पनि सकारात्मक सन्देश प्रवाह गर्न खोजेका छौं ।' सम्मानित पत्रकारहरूले जनकपुरधाम उपमहानगरपालिकाको पहललाई स्वागत गर्दै यसले स्थानीय खेल पत्रकारितामा थप ऊर्जा र प्रतिस्पर्धा ल्याउने विश्वास व्यक्त गरे ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन